# नइ कीर्ति लय

भगवती बस्नेत

नइ प्रकाशन



# नइ कीर्ति लय

**(कवितासङ्ग्रह)**

सौजन्य

भूपालमानसिंह कार्की प्रज्ञा-परिषद्

२०५२

# नइ कीर्ति लय

भगवती बस्नेत

प्रकाशक : **नइ प्रकाशन**
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : nai.com.np
प्रकाशन सौजन्य : भूपालमानसिंह कार्की प्रज्ञापरिषद्
शुद्धाशुद्धि : डा.शैलेन्दुप्रकाश नेपाल र लवप्रसाद भण्डारी
कम्प्युटर : आयुष्मान शाक्य
आवरण सज्जा : केके कर्माचार्य
प्रथम संस्करण : २०८० साल
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १७२
मोल : तीन सय रुपियाँ
© सुरक्षित, २०८० (2023)
ISBN : 978-9937-786-06-5
A Collection of Poems about Nai Prakashan
Edited by Bhagawati Basnet

नइ प्रकाशन नेपाली आकाशको एक आलोक हो । त्यो आलोक निरन्तर फैलिरहेको छ र त्यसले अनन्त फैलिरहनुपर्दछ । नइबाट नेपाली भाषासाहित्यका निम्ति चमत्कारी कार्य हुँदै आइरहेको छ र यो चमत्कार नित्य उज्ज्वल भइरहनुपर्दछ ।

**• राष्ट्रकवि डा.माधवप्रसाद घिमिरे**

नेपाली भाषासाहित्यको राष्ट्रिय र अन्तर्राष्ट्रिय विस्तारको विकासक्रममा नइ प्रकाशनको भूमिका विशिष्ट कोटिको रहिआएको छ । नेपाली साहित्यिक सङ्घसंस्थाले गर्नुपर्ने र अरूको सोचमा नआएका धेरै नै कामहरू नइ प्रकाशनले गर्दै आएको छ । सरकारले बनाएका प्रज्ञाप्रतिष्ठानलाई समेत उछिनेर नइले नै सांस्कृतिक र साहित्यिक काम गरिरहेको छ ।

**• वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशी**

नइ प्रकाशनले जीवित स्रष्टाको हित मात्र गरेको छैन; मरे, बाँचेका धेरै स्रष्टा बचाउने सञ्जीवनी संस्था पनि नइ नै देखा परेको छ । नइले छोएपछि फलाम सुन र सुन पारस बन्दो रहेछ भन्ने पनि देखियो ।

**• नेपाली साहित्यका विश्वनारी रत्न डा.वानीरा गिरी**

नइ प्रकाशनका गतिविधि मामुली ढङ्गका रहेनन्, उँभोका रहे । नइका साहित्यिक कार्यहरू नेपालबाहिर पनि फराकिला छन् र यो संस्था भारततिर पनि चम्किलो रह्यो । नइले नेपाली साहित्यको इतिहासमा प्रेरणादायी ढङ्गबाट स्मरण गर्ने ठाउँ ओगट्यो । न्याय पाएका छन् नेपाली साहित्य तथा कला क्षेत्रका कर्मीहरूले नइबाट ।

**• डा.इन्द्रबहादुर राई**

यदि नइ नभएको भए कविशिरोमणि लेखनाथ पौड्याल, नाटयसम्राट् बालकृष्ण सम तथा महाकवि लक्ष्मीप्रसाद देवकोटा समाविष्ट त्रिमूर्ति निकेतनको स्थापना हुने थिएन । एउटा विशिष्ट साहित्य संयुक्तिको यो संयोजनको पुरोधा नै बनेको छ नइ, नेपाली भाषासाहित्यको इतिहासमा ।

**• ईश्वरवल्लभ**

नइ प्रकाशनबाट नेपाली स्रष्टा र अनुसन्धाताहरूले प्रोत्साहन पाउँदै आएका छन्। नेपाल र नेपाली संस्कृतिलाई माया गर्ने विदेशी मित्रहरूलाई समेत पुरस्कृत गर्ने नइको अद्वितीय कार्यले नेपाली समाज र राष्ट्र नै गौरवान्वित भएको छ ।

**• प्रा.डा.चूडामणि बन्धु**

नइकै विशिष्ट पहलमा नेपाली भाषासाहित्य, संस्कृति, कलाकौशल, ज्ञानविज्ञान र नेपाली राष्ट्रिय स्वाभिमान मुखरित र प्रद्योतित हुँदै गइरहेका छन् । नइ प्रकाशनले राष्ट्रका अमर प्राज्ञहरूको संरक्षणका साथ राजनीतिनिरपेक्ष भई 'वसुधैव कुटुम्बकम्'को सिद्धान्त अँगालेर जे गऱ्यो र जे गरिरहेको छ त्यो सबै अकल्पनीय छ, अविश्वसनीय छ, अनुमेय छ र अविस्मरणीय छ ।

**• प्रा.डा.वेणीमाधव ढकाल**

नइ प्रकाशनले नेपाली भाषासाहित्यमा आफ्ना ओजपूर्ण कार्यहरूमार्फत शिखर आरोहण गरिरहेकै छ। नइको नेपाली भाषासाहित्यप्रतिको मोह र त्याग हामी भारतवासी नेपालीहरूका लागि समेत प्रेरक रहेको छ। नेपालमा नइ प्रकाशन छ र नै त्यतापट्टि पनि हाम्रो बलियो ओत छ भनेर हामीले भरोसा गरेका छौँ।

**• लीलबहादुर क्षत्री**

राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्सम्म आफ्नो पूर्वाग्रहरहित पहुँच पुऱ्याउन सकेको सफल नइ प्रकाशनभन्दा प्राज्ञिक दृष्टिले धनी वा सम्पन्न अर्को संस्था कुनै छ ? त्यसैले यो संस्था पुरस्कार र प्राज्ञिक सेवा कार्यको सर्वोच्च हिमचुली सगरमाथा होइन ? नेपाली वाङ्मयको समग्र समुन्नतिका लागि समर्पित प्राज्ञिक सांस्कृतिक संस्था अर्को कुनै छ र ?

**• प्रा.डा.दयाराम श्रेष्ठ**

मेरो हातमा 'नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार' आयो । मेरो समझमा थिएन, मेरो उद्देश्य पनि थिएन, मेरो सपनामा पनि थिएन । कसरी आयो त्यो अकल्पनीय भाग्य ? जर्मनेली मुखले भन्छ– 'कुमारीमा बच्चा आएजस्तो, अचम्मको कुरा ! तर म भन्छु– नेपालीहरू जादुमा विश्वास गर्छन् र यिनीहरू जादु पनि गर्छन् ।' पुराना, आविष्कार नभएको अवशेष र मूर्ति पनि आविष्कार भयो; तैपनि प्रशंसा पाए अर्कले । तर आँखाहरू रहेछन् सहस्र यस देशका महान् देव इन्द्रका पनि ।

**• प्रा.डा.मानफ्रेद गेर्हार्द थ्रोई**

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषासाहित्यको साधनाहेतु जन्मेको नइ प्रकाशन 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट निरन्तर विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यस सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नइ प्रकाशनले आफ्नो पच्चिस वर्षको यात्रालाई गौरवशाली ढङ्गबाट सम्पन्न गरेको छ । विगत पच्चिस वर्षदेखि नेपाली वाङ्मयको सेवामा नइ प्रकाशनले आफ्नो गच्छे अर्पेर काम गरेको प्रमाण बर्सेनि प्रकाशित 'नइ अभिलेख'ले नै पनि दर्साउने गर्छ । 'नइ कीर्ति लय'नामक कृतिले हाम्रो कार्यको रूपरेखालाई झन् घामजस्तै तेजस्वी बनाएको हामीले अनुभूत गरेका छौँ ।

नइ प्रकाशनले वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीको संयोजकत्वमा 'नइ रजत महोत्सव' गठन गरेको थियो । डा.जोशीकै जीवनकालमा नइले आफ्नो गौरवमय रजत महोत्सव मनाउन पाउनु अर्को एउटा सुखद उपलब्धि हो । डा.जोशीकै चाहनाका कारणले समेत नइ प्रकाशनले पच्चिसबर्से समयमा केकस्ता छाप छोड्न सक्यो भन्ने धारणा खामेर कविताको कृति प्रकाशन गर्ने निर्णय गऱ्यो । अत: देशदेशान्तरका नेपालीभाषी स्रष्टा या नइ प्रकाशनसँग सरोकार राखिरहेका व्यक्तिहरूसँग सामाजिक सञ्जालमार्फत यसबारेको रचनाको हामीले आह्वान गऱ्यौँ । हाम्रो अनुरोध स्विकारी यस कृतिका लागि कविता पठाउनुहुने कविहरूप्रति हामी कृतज्ञता ज्ञापन गर्दछौँ ।

नेपाली भाषासाहित्यको सृजना र सङ्गठनमा भगवती बस्नेत परिचित नाउँ हो । कविता, गीत, गजल र कथालेखनबाट बस्नेतको साहित्यमा पदार्पण भए तापनि बहुआयामिक सिर्जनामा उनको बाहुल्य रहेको पाइन्छ । भगवती बस्नेतकै पनि प्रस्तावनाका कारण उनकै सम्पादनमा 'नइ कीर्ति लय'नामक कृति प्रकाशनमा आएको हो । बस्नेतको साहित्यिक वर्चस्व र नइ प्रकाशनप्रतिको समर्पणका कारणले नै यस कृतिको कुशल सम्पादन भएको छ ।

'नइ कीर्ति लय'नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• नइ प्रकाशन

# विषयसूची


- **सम्पादकीय** • १५

१. **आरपी गाउँले**
स्रष्टाको ज्योति • १९

२. **ईशा शाह**
नइसँगको सम्बन्ध • २१

३. **ईश्वरी गौतम**
हाम्रो सान • २३

४. **उत्तम भेटुवाल**
भाषा निमित्त मर्दछन् • २५

५. **उमा कार्की**
मेरो कविताको आराधना • २७

६. **ओमप्रकाश अधिकारी**
यो कोहिनुर हो • २९

७. **कन्चन पुडासैनी**
जीवनको लय • ३१

८. **कल्पना आङबुहाङ**
सुगन्धको फूल • ३२

९. **कुसुम गौतम**
शारदा प्रेमी • ३३

१०. **कोमल मल्ल**
खुला आकाश • ३५

११. **गायत्री घर्तीमगर**
बन्दै सितारा • ३७

१२. **गिरिराज आचार्य**
मौरी • ३८

१३. **गीता आचार्य**
उज्यालो संसार • ४०

१४. **गीता निरौला भण्डारी**
अर्पिएँ स्वच्छ भाव • ४२

१५. **गोपाल पराजुली**
यो शब्दको सिरानी • ४४

१६. **गोपालप्रसाद थपलिया**
ज्ञानको पनि महाज्ञान • ४६

१७. **गोपीकृष्ण प्रसाई**
सुकीर्तिका झङ्कारहरू • ४७

१८. **गोविन्दराज विनोदी**
बलेको अक्षरब्रह्म • ५०

१९. **जेबी खत्री**
अमर बनायौ • ५२

२०. **टङ्कबहादुर आलेमगर**
साहित्यको माया • ५४

२१. **टेकनारायण रिमाल 'कौशिक'**
युगमा इतिहास रचे • ५६

२२. **ठाकुर शर्मा भण्डारी**
सद्ज्ञान भर्दछ • ५८

२३. **दीपेन्द्र केसी**
सिर्जन पर्वत • ६१

२४. **देवराज कार्की 'मिलन'**
चिन्छु कि चिन्दिनँ • ६३

२५. **धनराज गिरी**
धामको धाम • ६६

२६. **प्रमोद सारङ्ग**
उज्यालो हृदयभूमि • ६८

२७. **डा.बमबहादुर थापा 'जिताली'**
विश्वव्यापी भएको छ • ७०

२८. **भगवती बस्नेत**
साहित्य मन्दिर • ७२

२९. **भवानी खतिवडा**
प्रतिभा झोली रित्तिँदैन • ७४

३०. **मनिराज जोशी**
तिमी कल्पान्तजीवी • ७५

३१. **प्रा.मुकुन्दशरण उपाध्याय**
उच्च चिन्तन • ७७

३२. **मुकुन्द शर्मा चालिसे**
महान् संस्था • ७९

३३. **मुना श्रेष्ठ**
अक्षरको भगवान् • ८१

३४. **डा.मोदनाथ प्रश्रित**
साहित्यको सम्मान • ८३

३५. **मोहन आचार्य जलद**
विश्वसम्पदा हुनेछ • ८५

३६. **मोहनराज खनाल**
उज्यालो कीर्ति • ८९

३७. **प्रा.मोहन सिटौला**
सारा उज्यालो भयो • ९२

३८. **यशोदा अधिकारी**
देउता भई निस्कन्छ • ९४

३९. **युवराज घिमिरे**
संस्कृतिको विकास • ९६

४०. **रश्मि मैनाली**
संस्कारको उत्थानमा • ९८

४१. **रश्मि रिमाल**
मूल शिखर • ९९

४२. **ई.डा.राजेन्द्र पौडेल**
दियो सदा बल्दछ • १०१

४३. **डा.रामभक्त ठाकुर**
विश्वव्यापी शङ्खनाद • १०३

४४. **रुकु कार्की**
बगेकै छ बगिरहोस् • १०६

४५. **रूपा रिसाल चालिसे**
दिव्य तारा • १०८

४६. **रेशु गौतमाचार्य**
शिखर बनोस् • ११०

४७. **लक्ष्मीअप्सरा पाण्डे**
मायाका सागर • ११२

४८. **डा.लेखप्रसाद निरौला**
साहित्यिक अभियन्ता • ११४

४९. **प्रा.डा.वासुदेव त्रिपाठी**
नेपाल आमा चिन्यो • ११६

५०. **विनोद खनाल**
कला संस्कृतिको रक्षा • १२२

५१. **विष्णुमाया विभु**
शिरको शोभा • १२४

५२. **डा.शालिकराम पौडचाल**
अनुमोदित जनप्रतिष्ठान • १२६

५३. **शिला पन्त**
खुल्दै छ साहित्यका रवि • १२८

५४. **शेषमणि आचार्य**
सबैको चौतारी • १२९

५५. **सम्झना काफ्ले**
नेपालकै गौरवी • १३१

५६. **सरिता पराजुली**
साहित्यको अनुष्ठान • १३२

५७. **सिन्धु गौतम**
व्यक्तिसत्ताबाट माथि • १३४

५८. **सिर्जना शर्मा**
शुद्ध पाठशाला • १३६

५९. **सीता विष्ट कार्की (सीविका)**
मोती नै फुलायौ • १३८

६०. **सुनीता कार्की**
उच्च उडान भर्ने • १४०

६१. **डा.सुमनकुमार रेग्मी**
चमत्कार हो • १४५

६२. **सुमन शर्मा**
फल लाग्छ मीठो • १४७

६३. **स्पन्दन विनोद**
सधैँ बिगुल फुक्दछौ • १४९

६४. **हेमा मानन्धर**
पूर्णिमाको पूर्ण • १५१

# सम्पादकीय

नइ प्रकाशन गैरराजनीतिक, साहित्यिक, सांस्कृतिक र सामाजिक संस्था हो। यस संस्थाले आफ्नो रजत महोत्सव मनाउँदासम्म धेरै कार्यहरू सम्पादन गरिसकेको छ । यस यात्रामा नइले गरेका विविध कार्यप्रति आमसमुदायको धारणा केकस्तो रहेछ भन्ने जिज्ञासाको मभित्र जागरण भयो । अनि नइ प्रकाशनबारेको रचनाका लागि साहित्यिक मनहरूसमक्ष नइ प्रकाशनबाटै सामाजिक सञ्जालमा सूचना सम्प्रेषण भएको थियो। सूचनाबाट रचनाको आह्वान भएपछि फेसबुकको इनबक्स, इमेल र हस्तलिखित रूपमा समेत सिर्जनाहरू प्राप्त हुन थाले । यसरी प्राप्त भएका कविताहरूमध्येबाट नै एउटा लोभलाग्दो लयको प्रस्तुति 'नइ कीर्ति लय'को निर्माण भएको छ ।

साहित्यको एक सशक्त विधा र सभ्यताको सबैभन्दा पुरानो विधा कविता हो। वाङ्मयमा यसको आफ्नै विशिष्ट अस्तित्व रहेको छ । कविता शब्दले कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फुरणलाई पद्य या गद्यमा अभिव्यक्त गरिएको रचना, मुक्तक, गीत, गजल, काव्य आदि कविकर्म भन्ने अर्थ वहन गर्दछ। पूर्वीय साहित्य जगत्मा ऋग्वेद, महाभारत, गीता र रामायण तथा पश्चिममा इलियड र ओडेसी कविताका शाश्वत र बृहत् आकारका कृतिहरू हुँदै हुन् । प्राचीन कालमा साहित्य भन्नेबित्तिकै कवितालाई जनाए तापनि पछिल्लो समयमा छन्द कविताबाहेक रहेर पनि गद्य कविता र अन्य गद्यात्मक सिर्जना गर्न थालिएपछि भने आधुनिक साहित्यमा कविताले गद्यात्मक र पद्यात्मक रचनालाई जनाउन थाल्यो ।

मानव समाज र सभ्यताको आरम्भसँगै कविता विधाको जन्म र विकास हुँदै आएको हो । पूर्वमा आचार्य भामहदेखि जगन्नाथ र पश्चिममा अरिस्टोटलदेखि आइए रिचर्डससम्मका विद्वान्हरूले विभिन्न तरिकाले कवितालाई परिभाषित गर्ने जमर्को गरेका छन् । परिभाषाहरूमा अनेक मत भए पनि कवितामा कला र भाव मुख्य दुई पक्ष रहने कुरालाई सबैले स्विकारेका छन् ।

'नइ कीर्ति लय'मा सङ्गृहीत कविताहरू कला र भावयुक्त छन् । प्रस्तुत कृतिमा आबद्ध कवितामा कविहरूका तरल भाव, सन्तुलित पदावली र नवीन बिम्ब, प्रतीक तथा विभिन्न अलङ्कारको प्रयोग गरेको पाइन्छ । कला कविताको बाह्य संरचनासँग सम्बन्धित हुन्छ भने भाव आन्तरिक पक्षसँग सम्बन्धित हुन्छ । यी दुई पक्षको सुन्दर संयोजन भएका प्रिय कविहरूका सुन्दर सिर्जनाको सङ्कलन नै प्रस्तुत 'नइ कीर्ति लय' हो ।

शब्द र वाक्यको सुसङ्गठित लयबद्धता कविताको अर्को साङ्गीतिक पक्ष हो । अर्थात् कस्ता शब्दहरू प्रयोग गर्ने, कुन शब्द अगाडि कुन पछाडि राखेर वाक्यलाई सङ्गठित गर्दा कवितामा तालहरू बज्न थाल्छन्, जुन ताल र लयले कविता कर्णप्रिय बन्न पुग्दछन् भन्ने कुरा 'नइ कीर्ति लय'मा सङ्गृहीत कविताहरूले उद्‌बोधन गरेका छन् । कविताका विषयवस्तुअनुसार प्रस्तुत कविताहरूमा शब्द र लय ढुकढुकीका रूपमा प्रस्तुत भएका छन् ।

कविताको स्रोत भनेको कविताको जीवन हो । काव्यिक जीवन भनेको वस्तु, व्यक्ति, प्रकृति या कुनै पनि दृश्य वा अदृश्य पनि हुन सक्छ । यस सङ्ग्रहमा सिर्जना गरिएका कविताले नइको कीर्तिलाई युगयुगसम्म बचाउँछ भन्ने मैले अनुभूत गरेकी छु ।

'नइ कीर्ति लय' कृतिका लागि आफ्ना अमूल्य सिर्जनाद्वारा कविहरूबाट प्रस्तुत भावना हाम्रा लागि प्रेरक रहेका छन् ।

**• भगवती बस्नेत**

# नइ कीर्ति लय



# स्रष्टाको ज्योति

**आरपी गाउँले**

सिङ्गो देश बनेर
कुनाकुनामा छरिएका
हरेक प्रतिभाको खोजी गर्दै
दिगन्त फैलिरहोस् सुवास नइको
नमेटियोस्
कलम र शब्दको नातामा बाँच्नेहरूको
पहिचान– ज्ञान र प्रेरणाको ज्योति
चम्काइरहोस् नइले
लेख्नेहरूका सुनौला अक्षर
गरिरहोस् सम्मान
विशिष्ट विभूतिहरूको कीर्तिमा
जो गर्नुपर्थ्यो सिङ्गो यो देशको सिङ्गो राज्यले
खोजिरहोस् इतिहास !

दबिएका, हराएका कलमसँग जीवन बिताउनेहरूको
बालिरहोस् ज्ञानको दीप
सदासदा चम्किलो नइमा
ल्याइरहोस् वसन्त बहार
र फुलाओस् मरुभूमिमा रङ्गीबिरङ्गी फूल
फैलाइरहोस् वासना !

देशैभरि स्रष्टाका मुहारसम्म
लेखिरहोस् र छापिरहोस् इतिहासका ठेली
भन्न पाऊन् भविष्यका सन्ततिले
सिङ्गो देश बाँचिरहेको नइलाई–
तिमीले रजत मात्र होइन
मनाउनु छ स्वर्ण, हीरक, शताब्दी र सहस्राब्दी पनि
बाँच्नुपर्छ तिमी राज्य भएर
चम्किनुपर्छ तिमी ज्योति भएर
हाँस्नुपर्छ तिमी नइ
स्रष्टाहरूको मुस्कान भएर ।



# नइसँगको सम्बन्ध

**ईशा शाह**

कहिलेकाहीँ म सोच्ने गर्छु
यी मुस्कानहरू मेरा अधरसम्म
यी आँसुहरू मेरा गहसम्म
कहाँबाट र कसरी
कुन चोर बाटो भएर आउँथे होलान् ?
कुनै दिन
एक कोमल अनुभूति
एक मुलायम स्पर्श
एक रेसमी सपना
नइलाई छुँदै मभित्र बहेथ्यो
गुलाबी पारेथ्यो मेरा सोचहरू
मखमली पारेथ्यो मेरा रहरहरू
यसै यसै खैँचिएर
म नइसम्म पुग्न चाहेँ
यो आकर्षणको रहस्य के ?
यो अधीरताको जरो कहाँ ?

केही त छ
तब त बिनासाइनो
नइलाई अनुभूत गर्न सक्ने भएको छु

दूरीले टाढा रहे पनि
नइसँगको आफ्नै सामीप्यता छ
नइभित्र म कतै जोडिन्छु
र त मभित्रका केही तारहरू झङ्कृत हुन्छन्
केही रुमानी धुनहरू निस्कन्छन्
केही उदास सरगमहरू बज्छन् !

मेरो जीवन विलुप्त
काँचो धागोको बन्धनजस्तो
गाँठैगाँठो परेर अल्झिएको छ
जब म फुकाउन खोज्छु
नइका मुस्कानहरू
मेरो अधरसम्म आइदिन्छन्
जब म अल्झिएर हतासिन्छु
नइका आँसुहरू गहबाट
बगिदिन्छन्
आँसु र मुस्कानको भल
पक्कै पनि
नइ र मबीच
कहीँ कतै लुकेको छ
मनसँग मन जोड्ने ठाउँमा !
मनबाट मन छोइने ठाउँमा !



# हाम्रो सान

**ईश्वरी गौतम**

साहित्यको शिरको टोपी
बनिरहु नइ
पुरस्कार र सम्मानको
शिरपोस नइ !

साहित्यको बगैँचामा
फूल बनी फुल्यौ
जूनतारा भइदियौ
यही धर्तीमा खुल्यौ ।

तिम्रो यात्रा अविरल
शिखरलाई चुम्ने
सानादेखि ठूलालाई
एकै माला उन्ने ।

तलमाथि सारालाई
समभाव राख्ने
सबैलाई एकै मञ्चमा
मिलाएर राख्ने ।

सुवास छर्दै अघि बढ्यौ
नइ भनी जान्यौँ
पच्चिसबर्से आकाशमा
तिमीलाई नै मान्यौँ ।

साधकलाई सधैँसधैँ
अर्पित गर्‍यौँ मान
दुई हातले नमन गरेँ
नइ हाम्रो सान !



# भाषा निमित्त मर्दछन्

**उत्तम भेटुवाल**

सेवा साहित्यको गर्ने लिएर चाह उत्कट
जम्यो नरेन्द्रको यात्रा पुगेर इन्दिरातक
लिएर दृढ विश्वास गरे जीवन अर्पण
भयो रे नइको नाम साहित्यमा पदार्पण ॥१॥

पुजिने छन् तिनै पात्र साधनारत सर्जक
साहित्यका विद्यार्थी जो सम्मान गर्न लायक
निस्स्वार्थ गर्दछन् सेवा फलको आश छैन त्यो
आलोपालो दिने आफैँ लिने प्रवृत्ति हैन त्यो ॥२॥

जसले गर्दछन् सेवा भाषा निमित्त मर्दछन्
पछाडि हट्न छोडेर नित्य अगाडि सर्दछन्
हकदार उनै स्रष्टा हुन् पुरस्कार पाउने
चाकरी चाप्लुसी गर्ने नहुन् बैठक धाउने ॥३॥

स्वार्थीपना छँदै छैन केही चाहिन्न भन्दछन्
हाँक्न साहित्यको गाडी नइ सारथि बन्दछन्
मर्दा जाँदैन सम्पत्ति न देह जान्छ साथमा
कीर्ति अजेय भै बाँच्छ गरौँ भन्दछ सिर्जना ॥४॥

च्याउ फैँ उम्रिएका छन् भन्छन् पवित्र मन्दिर
हुन् साहित्यका संस्था हैनन् छ बुझ्न मुस्किल
देखासिखी हुँदै हैन बिगार्छ अभिमानले
भन्दछन् नइ मान्छे भै बाँचौँला स्वाभिमानले ॥५॥



# मेरो कविताको आराधना

**उमा कार्की**

मेरो आराधना कविता
मेरो देवालय कविता
मेरो वर्चस्व कविता
मेरो भागभित्र कविता
मेरो सत्ता नइ कविता !

हिजो नइभित्र म थिएँ
आज नइभित्र म नै म
भोलि नइ पनि मेरै हो
मेरो कविताको आराधना नइ
नाटचसम्राट् बोले–
'मेरो कविताको आराधना'
लेखनाथले राखे 'तरुण तपसी'
देवकोटामय 'मुनामदन'
त्यही कविता मेरो घर
त्रिमूर्तिकै सेरोफेरोमा मेरो कविता
त्रिमूर्तिभित्र मेरो नइ ।

सिर्जनाले मलाई राष्ट्रकवि बनायो
वाङ्मयभित्रै म शताब्दी पुरुष बनेँ

मेरै कविता पढेरै म महासमालोचक भएँ
कविता र कविताले
म विश्वनारी रत्न भएँ
मेरो रचना बिम्ब भयो नइ
मेरो रचनागर्भ भयो नइ ।

म अझै थाकेकी छैन
म मभरिको कवितामा छु
म मेरो कविता आकाशमा छु
म मेरो कविता परिवेशमा छु
यही काव्यगृह मेरो नइ
यही रचनागर्व मेरो नइ !



# यो कोहिनुर हो

**ओमप्रकाश अधिकारी**

बस्यो नजरमा पैल्यै यो प्रकाशन तर जब
थिए बन्द खुले ढोका भाषा संस्कृतिका अब
छन् धेरै नामका संस्था भाषा विकासका तर
गर्न सकिन्न विश्वास संस्था मेरो भनी भर ।

नइमा छैन क्यै त्यस्तो दिन्छ सेवा निरन्तर
तब पो फुल्दछन् भाषा हलक्क कोपिला सब
न नातावादमा पस्छ न फँस्छ लोभमा कुनै
साना ठुला सबै अट्छन् ढुक्कका साथमा सबै ।

न नाम मानको इच्छा न राख्छ लालसा कुनै
जब निस्स्वार्थ सेवामा लागेको हुन्छ यो सधैँ
न पुरस्कारको इच्छा राखेर हिँड्छ काममा
न लाभ पदको इच्छा राखेर गर्छ सामना ।

अल्छी गर्दैन जो कैल्यै हिँड्छ बढ्छ निरन्तर
नथाकी गर्छ जो काम नइ हो नाम वास्तव
सुन चाँदी हीरा मोती यो कोहिनुर हो नइ
बन्नै सक्दैन यो कैल्यै फलामसरिको खई ।

उत्तरोत्तरको इच्छा राख्दछु मनमा सधैँ
भाषा सेवकका इच्छा पूरा हुन् जति छन् हदै
स्रष्टाको गर्छ सम्मान हुन्छ भाषा प्रवर्द्धन
उत्थान कसरी हुन्छ नइले गर्छ चिन्तन ।



# जीवनको लय

**कन्चन पुडासैनी**

महसूस गरेका छौँ नइका धूनमा लय
कामको लाम सर्दै छ जाँगरी हुनमा लय
पढ्नु लेख्नु त नित्यै हो, छन् ध्याउन्न अरू पनि
बाँड्नु अर्पनु धेरै छन् पुरस्कारहरू पनि ।

आएनन् सृष्टिमा आफैँ पुरस्कार अनेक ती
तिनको स्थापना गर्न लागिपर्नुपर्‍यो कति
मेरो आशा छ– चल्नेछ निष्ठावान् र निरामय
युगलस्वरमा लामै नइ– जीवनको लय ।

परोपकारको प्रेमी म अझै प्यार गर्दछु
सारा परोपकारीको जयकार म गर्दछु
अन्त्यमा पीडितैको पो हुनुपर्छ सदा जय
श्री श्री नइ प्रकाशन्का ध्येयको सर्वदा जय ।



# सुगन्धको फूल

**कल्पना आङबुहाङ**

लेक र बेसी पहाड तराई चारकोससम्म नइ
नेपाली भाषा काँधमा बोकी रमाउँछ सधैँ नइ ।

पूर्वको पहाडमा फुलेर आयो साहित्य कित्तामा
सुगन्ध छरी रहने सधैँ साहित्य भित्तामा
गाउँमा फुल्यो त्यही फूल आज सबैको भयो नइ
देश र विदेश मुलुकले चिन्ने साहित्य मूल नइ ।

भन्नु नै पर्दा हामी त एउटा आँगनमा बढेको
अमृत वृक्ष एउटा हो नइ हलक्कै बढेको
नइले चिन्यो हाम्रो गौरव साहित्य पाटो हो
वसुधैव कुटुम्बकम् नइकै बाटो हो ।



# शारदा प्रेमी

**कुसुम गौतम**

नइ हुन् शारदा प्रेमी वीणाका मधुरो ध्वनि
सुवास फैलिए तिम्रा देश देशान्तरै घुमी
मन मन्दिरमा बल्छन् भाषा साहित्य आरती
अनुरागी, अधिष्ठात्री नइ साहित्य सारथि ।

कतै घाम कतै वर्षा गर्दै सङ्घर्ष साथमा
लगायौ शब्दका बाली फुलायौ देशमाझमा
नइका छत्रछायामा हुर्किए कलिला मुना
निस्स्वार्थी मनकारी छन् आदर्श मनका छटा ।

बगे पीयूषका धारा साहित्य ज्ञान भेलमा
खुलाई ज्ञानका द्वार झुकायौ मातृ प्रेममा
विभूति देशका हाम्रा नइका ग्रन्थ दिव्यमा
खुलायौ कविका मर्म कविका जीवनी कथा ।

साझा हो फूलबारी यो नइको शुद्ध आँगनी
त्यहाँ कुसुम फुल्दै छन् एकतामा सबै मिली
भेदभाव कुनै छैन कलमी कविका प्रति
आदर्शका दुई पात्र नइ साहित्य पारखी ।

दायित्वको ठुलो भार लिएर काँधमा सधैँ
सत्यको पक्षमा बोल्ने साहसी कवि हुन् दुवै ।
न आशा न कुनै तृष्णा न मोह उपहारमा
नइ कर्मठ योगी हुन् गर्ने साहित्य साधना ।



# खुला आकाश

**कोमल मल्ल**

नेपाली साहित्य
आफ्नै माटोमा मात्र हैन
सिङ्गै गोलार्धमा
फूलझैँ फुलेको देख्न पाउनु
र, आकाशझैँ खुलेको हेर्न पाउनु
नइ तिमी सिर्जनाको खानी भएर
अनि, कलकल बग्ने
टलटल टल्किरहने
सङ्लो कञ्चन अक्षर
शब्द वाक्यको सगरमाथा बनेर !

म आकाशमा नइ देख्छु
सागरमा नइ भोग्छु
खेतका आली, कान्ला, पाखामा
उम्रिरहेका, झुलिरहेका
फुलिरहेका नइका बाली भेट्छु
अनि भन्न मन किन नलागोस्
बतासलाई पनि
अनुपम पथ प्रदर्शक हौ तिमी

नइ मेरो पनि !
त्यसैले त अनुकरणीय
साहित्य सागरका छाल बनेर
सारगर्वित छल्किरहन्छौ
हिँउफैँ टलटल टल्किरहन्छौ
पृष्ठपृष्ठमा बिम्ब, अलङ्कार
र संवेदशील
सरल, मार्मिक शब्द वाक्य बनी !
तिमी नेपाली भाषासाहित्यको मुहार बोकेर
मुस्कुराएर विश्व यात्रामा
नथाक्ने पैतालामा निरन्तर हिँड्छौ
माटो हँसाउन, माटो उठाउन
ऐतिहासिक
उत्कृष्ट साहित्य जागरणका वसन्त बोकेर !
र, छरिरहन्छौ पसिना
गरिरहन्छौ त्याग, तपस्या
फुलाउन, फैलाउन
साहित्यका सयपत्री, गुनकेसरी, सुनगाभा
र लालीगुराँसहरू
साहित्यका नवरस लालिमा
र सप्तरङ्गी इन्द्रेणी बोकेर
त्यसैले, बादललाई पनि बर्सँदै
भन्न मन लाग्छ रे
साहित्यका धरोहर
चाँदनी पनि, किरण पनि
नइ तिमी र तिम्रा कीर्तिहरू !



# बन्दै सितारा

**गायत्री घर्तीमगर**

हीरा जस्तै चमक थलमा दीप्त मोती बनेर
ल्यायौ चोला सकल जनको काव्य धारा छरेर ।

रोप्यौ नौला बिउविजन ती काव्य हाँस्यो धरामा
छायौ सारा तन र मनका माऊ बन्दै सितारा ।

आयौ ल्याई नइ पथहरूमा काव्य धारा बहायौ
नेपालीका मन र मुटुमा दिव्य गाथा सुनायौ ।

खोज्यौ सारा वन चउरमा गीत नौला कहानी
पुग्यौ आफैं पथ, पथहरूमा खोज गर्दै बिहानी ।



# मौरी

**गिरिराज आचार्य**

मात्र दुई अक्षरबाट
मिलेको जोडी र फक्रेको संस्था
शब्दमा मुहार छाएको छ
अक्षरमा नइ क्रान्ति गरेको छ
यो शब्द कति अचम्मको रहेछ
कति शक्तिशाली रहेछ ।

कतै यसमाथि चिढ
कतै यसमाथि ईर्ष्या, द्वेष, डाह
तर यो अक्षर
कति शक्तिशाली रहेछ
कति बलशाली रहेछ ।

मात्र दुई अक्षर नइ
मात्र दुई शब्द भएको छ
अक्षरको वर्णमालामा
नइ शब्द परिभाषित भएको छ ।

नइ अक्षरले
शब्दको गुम्फन गरेको छ
मात्र दुई अक्षर
नइ क्रान्ति गरेको छ ।

नइले के गरेन ?
देवकोटा परिभाषित गराएको छ
बालकृष्णलाई न्याय गरेको छ
लेखनाथको गीत गाएको छ
नइले घिमिरे, जोशी उठायो
ईश्वर बराल र ईश्वरवल्लभ बोक्यो
वानीरादेखि वासुदेवसम्म पुगेको छ
अरू कति हो कति !

भानु मात्र दुई शब्द
मोती मात्र दुई शब्द
ती दुई शब्द माथि नइले
मुरली बजाएको छ ।

नइले मात्र
अक्षर क्रान्ति गरेको छ
कविहरूको गीत गाएको छ
सङ्गीतको मुरली धुनमा
शब्दमाथि शब्द
नइ परिभाषित गराएको छ ।

लाग्छ बगैँचामा
नइको गुलाफ छाएको छ
मात्र दुई शब्द मौरी
नइ– मौरी
साहित्यमा लालिमा छाएको छ ।



# उज्यालो संसार

**गीता आचार्य**

संसारका उज्याला नइ
चमचम चम्किएका तारा नइ
उत्साहका प्रतीक नइ
ज्ञानको उज्यालो नइ ।

नइ आकाशभित्र
जातजातका तारा देखिन्छन्
हिउँले कठाङ्ग्रिएका चेहरा फुल्दछन्
नइ प्रतिभा उदिन्ने खानी
कुनै ताप छैन, राप छैन
नइ स्रष्टा उकास्ने रङ्गशाला
न आरोप न गुन्जायस
न कोही तल न माथि
सिर्जनाको न्याय भयो– नइ ।

नइको सामीप्यता जसले बुझ्छ
उसले उज्यालो संसार देख्छ
सुख देख्छ, खुसी देख्छ
दु:ख पीडा जति सबै भुल्छ

त्यसैले
सबैका प्यारा नइ
सबैका साझा नइ
चारै वर्ण छत्तिसै जातका
फूल फुलाउने, फलाउने अनि हुर्काउने
सुन्दर बगैँचा नइ ।

मैले त नइमा सम्पूर्ण संसार देख्छु
कहिले बुबाको आँखा देख्छु
कहिले आमाको काख देख्छु
समग्रमा भगवान्‌को स्वरूप देख्छु
कहिले सगरमाथा देख्छु
संसारकै उच्च
कहिले शिरको टोपी देख्छु ।
सधैँ नेपालीको शिरमा ढल्किरहने
प्रिय नइ !



# अर्पिएँ स्वच्छ भाव

**गीता निरौला भण्डारी**

वटविटप अनौठो शब्द फुल्ने गरेका
सबतिर लटरम्मै काव्य फुल्ने गरेका
सहज हृदय रम्ने शोक सन्तापहारी
नइ गहन छहारी लाग्छ आह्लादकारी ।

कति मृदु रचनाले ग्रन्थ आकार लिन्छन्
कतिपय प्रतिभाका स्वप्न साकार हुन्छन्
सुललित रचनाको सभ्य आराधना हो
नइ विविध विधाको लेखनी साधना हो ।

अनुभव अति धेरै कार्यमा दक्षता छ
जन मन सबलाई मुग्ध पार्ने कला छ
गजब नियम निष्ठा नीतिको हो विचारी
नइ सफल चिनारी मृत्तिकाको पुजारी ।

समुचित कृति छानी मान सम्मान गर्ने
गतिविधि मनकारी सौम्य सद्भाव छर्ने
समय सदुपयोगी कर्मयोगी रथी हो
नइ कुशल जुहारी रत्नको पारखी हो ।

अनवरत छ सेवा पच्चिसौँ वर्ष पुग्दा
सुखद पल समाल्दै गर्वले हर्ष चुम्दा
हरदम खुसियाली होस् नहोस् है अभाव
यस सुखद घडीमा अर्पिएँ स्वच्छ भाव ।



# यो शब्दको सिरानी

## गोपाल पराजुली

मर्न कति मजा आउँछ
होला
यो आँसु फर्के यस बेला
वाग्मतीमा
हजार सलाम चढाइरहेछ
देश
यस बेला मेरो देशका कविलाई
सत्र हजार पाप
चढाइरहेछ
देश
आफूमाथि हात हाल्नेलाई
डोजरहरू चलेका छन् यस बेला
छोपिएका पातहरूले
देखाइरहेछन्
देश यस बेला मलाई
देश भनेको पशुपति हो
पानी चढाउन आउँछ होला वाग्मती
आफ्नै देशमा
मर्न पाए यस बेला

कसैले खोलाको पानी ल्याए
कसैले खोला नै ल्याए
लुकेको योग्यता देखाए नइले
देखाए अघोषित
एकेडेमी
डन भन्दै छ सहर यस बेला
धेरैलाई
'वेल-डन' भन्दै छ
देश
यो देश मेरो हो भन्ने मेरा छोराछोरी
र
नइलाई
देश हेर्न कति मजा हुन्छ होला
बाँच्न पाए मरेपछि



# ज्ञानको पनि महाज्ञान

**गोपालप्रसाद थपलिया**

बत्तीको होइन जीवनको ज्योति बाल्दछ
एक ठाउँ होइन संसारमै शान्ति भर्दछ
विश्वमा ज्ञानको पनि महाज्ञान फैलाउँछ
नइको बासना कलासाहित्य मगमगाउँछ ।

जीवन सबै पक्षलाई सम्मानित बनाउँछ
जुन काम आवश्यकता त्यो प्रारम्भ गर्दछ
विद्वान् मान्यवर सबैसँग मित्रता राख्दछ
वीर साहसी अमूल्य निधि गौरव ठान्दछ

वादविवादमा मुस्कुराउँछ प्रेमगीत गाउँछ
विद्वान्हरूको प्रतिष्ठालाई उच्च बनाउँछ
सत्य र न्यायका पक्षमा खबरदारी गर्दछ
नइको जाँगरले कला र साहित्य जाग्दछ ।



# सुकीर्तिका झङ्कारहरु

**गोपीकृष्ण प्रसाई**

नेपाली वाङ्मयको मन्दिरमा अर्पण गरेर साधना
देश, देशान्तरमा भाषासाहित्यको गरेर आराधना
कर्मयोगीको तिर्सना कहिल्यै हटेन
उत्साह अनि जाँगरको यात्रा कहिल्यै घटेन ।

निरन्तर खर्चेको ऊर्जाले
सर्जकहरू खोजिरह्यो
सम्मान गर्न, नमन गर्न हरपल सुन्दर मार्ग
रोजिरह्यो ।

नइ आफ्नो अभियानमा निरन्तर लागेकै छ
नइमा भाषिक उन्नयनको अनौठो भोक जागेकै छ
सुन्दर अभियान छ
सुन्दर ताल अनि लय छ
नइ प्रकाशनसँग नइले
आफ्ना सुस्केराहरू बिसाए
सम्पूर्ण जीवनका उमङ्गहरू नइमै मिसाए ।

नइको सत्प्रयासले राष्ट्रकविको नाम जुर्‍यो
नइको कल्पनाले शताब्दी पुरुषको नाम फुर्‍यो
वानीरा विश्वनारी रत्न हुनु

त्रिमूर्ति चम्कँदा आकाश उज्यालो हुनु
वासुदेवको महासमालोचकीय छवि
ईश्वरवल्लभ अनि आयामेली कवि !

नइ प्रकाशन अन्वेषणमा लागेको छ
कतै कोइलीदेवीको प्राञ्जलपन
कतै तारादेवीको सुकिलो मन
म त यहाँ महाकविलाई भेटिरहेछु
म त यहाँ आदिकविलाई देखिरहेछु
नेपाली साहित्यको सुन्दर चित्र
नेपाली डायस्पोरा रमायो आफ्नोपनभित्र ।

हो यस्तै भाषाका गीतले
बिहानीको उर्वर शीतले
वाङ्मयको अमर प्रीतले
कला, संस्कृति अनि खेलकुदमा रमेर,
नइ प्रकाशनको रजत उमेर
हेर्दा बडो रम्य छ
बडो भव्य छ
चलिरहेछ निरन्तर
बगिरहेछ अविरल ।

पुरस्कार अनि सम्मानको व्यवस्थापन
स्रष्टा अनि सर्जकको सही पहिचान
देशको सेवामा
भाषिक सेवामा
नइ प्रकाशनका एक चौथाइ शताब्दी बिते
थुप्रै सर्जकहरूले विविध विधाको पुरस्कार जिते

वाङ्मयसेवीलाई हार्दिक सम्मान छ
भाषिक अभियन्तालाई न्यानो अभिवादन छ ।

नइका धेरै कर्म छन्
उसका पुरस्कार अनि तिनका नामहरू छन्
नइ प्रकाशनले सर्जकहरूलाई विद्वत्वृत्ति दिन्छ
अध्ययन विश्लेषणको जिम्मेवारी लिन्छ
बालकहरूको चित्रकला हेर्दै
बालनृत्यका अनेक कलाहरू हेर्दै
देश अनि विदेशका समाजसेवीहरूलाई
अहोरात्र सृजनामा तल्लीन वाङ्मय प्रेमीहरूलाई
नइले नै हेरिरहेको हुन्छ
सम्मानको खातिर कोल्टो फेरिरहेको हुन्छ
नइ प्रकाशनका रचनात्मक कार्यले
नेपाली वाङ्मयलाई माया गरिरहेकै हुन्छ
प्रतिभाहरूमा रङ्ग भरिरहेकै हुन्छ
बिताएका पच्चिस वर्षजस्तै
साहित्यमा नइ यसरी नै लागिरहून्
भाषिक उत्थानका खातिर निरन्तर जागिरहून्
नेपाली पनको शीतल स्पर्शमा
अनेकौँ भावनाहरूको हार्दिक हर्षमा
नइ प्रकाशन यसरी नै उठिरहोस्
सृजनाको मूल फुटाउँदै
वाङ्मयसेवामा निरन्तर जुटिरहोस् ।



# बलेको अक्षरब्रह्म

**गोविन्दराज विनोदी**

नइ अनुपम संस्था, सृष्टिकर्ता नरेन्द्र
नइ युगल तपस्या, शिष्ट साहित्य-केन्द्र
नइ झरझर झर्ने शब्द-झर्ना अगम्य
नइ अमर अभीप्सा इन्दिराको प्रणम्य !

नइसित छ घुलेको सौम्य-सेवा-प्रवाह
नइसित छ मिलेको त्याग मानौँ अथाह
नइसित छ बलेको अक्षरब्रह्म खास
नइसित छ सुनौलो सिर्जनाको सुवास !

श्रम अथक गरी जो श्रान्त कैल्यै हुँदैनन्
परहितसित हुन्छन् पूर्ण, जो रित्तिँदैनन्
करयुगल उज्याला छन् सधैँ दान गर्दा
सुयश छ चुलिएको कर्म निष्काम गर्दा ।

अभिनव सरसीमा शोभिए झैँ सरोज
कति कृति प्रतिभा छन् फक्रँदा रोजरोज
दिनदिन छ तिनैको कार्य सन्धान गर्ने
हृदयपट उघारी स्नेह-सम्मान गर्ने !

अनवरत छ वाणी वन्दनाको विमर्श
प्रतिदिवस छ प्रज्ञा प्रेरणाको प्रकर्ष
विमल छ निज भाषा-संस्कृति-प्रेम कस्तो
कुलकुल सरिताको भुल्भुले मूल जस्तो ।

अमर सुरचनाका भै स्वयं दीप दीप्त
प्रिय नइ ! जनका छौ चेतनामा प्रदीप्त
अमृतमय अनेकौँ कर्मले अग्लिएका
रजतमय सिँढीमा छौ अहा ! उक्लिएका ।

प्रतिपल यसरी नै उच्च पारेर माथ
अघि बढ युग बोक्ने आँट उत्साहसाथ
भुवनभरि फिँजाई कर्मको ज्योति राम्रो
युगयुग रहिराखोस् कीर्ति जीवन्त तिम्रो ।



# अमर बनायौ

**जेबी खत्री**

त्यो उज्यालो
म गौशालादेखि हेर्दै जान्छु
एयरपोर्टदेखि हेर्दै आउँछु
घरै उज्यालो, मनै उज्यालो
देशै उज्यालो !

उज्यालो छर्न
सबै कुरा भएर मात्र पनि पुग्दैन
त्याग चाहिन्छ
आफू चम्कन को चाहँदैन र !
सबै आफैँ चम्कन चाहने त हुन्
धन्य छ नइ प्रकाशन
साधुवाद छ तिमीलाई
जसले आफूलाई बिर्सेर पनि
अरूलाई चम्कायौ !

स्यालुट छ मेरो
अन्तर्हृदयदेखि तिमीलाई
आफू मरेर भए पनि
अरूलाई अमर बनायौ ।

तिम्रो गुनगान गाएर सकिए पो !
को छ र तिम्रो दर्जाको यहाँ
र म तुलना गरौँ तिमीसँग अरू
तिमीले गरेको काम गर्ने
हिम्मतवाला
मैले त देखेको छैन ।

होलान् भए पनि
आफ्नो हैसियत हेरेर काम गर्ने
तिमीले जत्रोसुकै काम भए पनि
कहिल्यै हेरेनौ आफ्नो हैसियत
बरु एउटा साहस र अठोटका साथ
काम थाल्यौ र फत्ते गर्‍यौ ।

स्यालुट छ मेरो तिमीलाई
स्यालुट छ मेरो तिम्रो हिम्मतलाई
समाज, साहित्य र स्रष्टाका लागि मात्र होइन
सिङ्गो देशका लागि
तिमीले यति विधि गर्‍यौ
तिम्रो अब बयान गरेर साध्य छैन ।

आफ्नो गाँस काटेर
अरूकै काम गर्ने तिमी
तिमीले देखाएको बाटो
हिँड्नु छ हामीले पनि
तिमीले जस्तै सत्कर्म गर्नु छ
अब हामीले पनि ।



# साहित्यको माया

**टङ्कबहादुर आलेमगर**

न फलेको लटरम्म
इ फुलेको परसम्म र
अक्षर श्रीपेच ओढेका चराका चिरबिर
कलम भिरेका पुतलीको मुस्कान
मेरो नयनमा ।

बगिरहन्छ साहित्यको माया
हेर्दा ठूलो मुहानजस्तो लाग्दैन
जस्तै खडेरीमा पनि
सर्जकले घ्याम्पोसई खेलेको थाहा छैन ।

यहाँ बिसाउने बटुवाले
एक खोची तृप्ति पाएका छन्
उभिएर हेऱ्यो शङ्खको छहारी ।

दाहिने न
देब्रेतिर इ
आफैँमा
परिपूरक !

उज्यालो इतिहास
नेपाली साहित्य नभमा ।

पुरस्कार सम्मान
फूलका माला
अगाडि सृजनाको पहाड !

टेक्ने लौरो
समाउने हाँगो
दगुर्नोस् बाटो फराकिलो छ ।

म
त्यहाँ पुग्न नसक्ने मान्छे
हजुरहरूको मुस्कानमै रमाइरहेछु ।
मेरो नयनमा नइ !



# युगमा इतिहास रचे

**टेकनारायण रिमाल 'कौशिक'**

नइको नवनीतसमान कला
खुब कोमल शीतल चन्द्रकला
कति शोध गरीकन गोप्य निधि
कति खोज गरेर पुरा प्रविधि ।


निफनीकन कञ्चन वस्तु गरी
जनमाझ टकार्दछ पात्र भरी
स्वर संस्कृति शिल्प कला प्रतिभा
निज वाङ्मय सूर्यसमान विभा ।

नइबाट उजागर भैरहने
रस सागर वायुसँगै बहने
नइबाट अनेक गुठी उभिँदा
प्रतिभा खुश छन् उपहार लिँदा ।

शुभ कीर्ति त्रिमूर्ति निकेतनको
गुण गाउन शब्द यहाँ कम भो
नइ हुन् नव मोति सधैँ खटिने
नचुकीकन कर्मठ भै उभिने ।

छ त योग्य कुनै उस लायकको
पद मान दिलाउन तत्पर जो
नइ नै नमुना छ ज्वलन्त भनी
शुभ चिन्तक हूँ उसकै म पनि ।

नइले अति उत्तम ग्रन्थ रचे
नइले युगमा इतिहास रचे
नइको गति नित्य अगाडि बढोस्
नइको मति स्वच्छ चिरायु रहोस् ।



# सद्ज्ञान भर्दछ

## ठाकुर शर्मा भण्डारी

पच्चीसौँ 'नइ' वर्षको छवि यहाँ सम्झन्छु सम्मानको
खाका कोर्दछु भावनासँग डुली सद्दृष्टि सत्कर्मको
स्रष्टा-सज्जनको प्रभासँगसँगै सद्ज्ञान जो भर्दछ
जो साहित्य-विधा-सुसृष्टि-रसका संसारमा छर्दछ ॥१॥

यस्तो शान्त विशाल भाल महिमा निर्माण भो निर्मल
हस्ती छन् 'नइ' भावना हृदयका स्रष्टाहरू निश्छल
छन् गन्तव्य समान दृष्टि गतिमा चल्नेहरू नायक
संस्थाको गरिमा स्वयं दृढ हुने मस्तिष्कका चालक ॥२॥

स्रष्टाको 'नइ' चाहनासँग खुली कर्तव्य छन् उन्मुख
संस्था यो दृढ साधनारत खुला आकाश झैँ द्योतक
भाषा-संस्कृतिको चिरन्तन-सुधा संसारको प्राण हो
ती सेवी-जनको सुयोग्य-'नइ' यो आस्था र सत्प्रेम हो ॥३॥

भाषा-वाङ्मयमा निरन्तर रही आलोक छर्नेहरू
संस्थाको गरिमा बढाउन यहाँ गन्तव्य भेट्नेहरू
लागेका 'नइ' साथमा सबलता भर्छन् कला-गानमा
देखिन्छन् वसुधा-सुधा सहजता सेवामुखी भावमा ॥४॥

सच्चा सेवक भै सुयोग्य जनमा सम्पन्नता छर्दछौ
जो साहित्य-कला-सुमार्गतिरमा विद्वद्सभा भर्दछौ
देखी यो शुभकर्ममा हिँडिरहूँ भन्ने भयो चित्तमा
यो आनन्द-कुटी-समान-गतिमा जोड्दै छु है साधना ॥५॥

पच्चीसौँ 'नइ' वर्षमा कति यहाँ साहित्यका साधक
छन् सम्मानित राष्ट्रको गतिसँगै हिँड्ने गरे भावुक
काव्यानन्द लिने दिने मधुरता गम्भीरता सिर्जन
गर्छन् काव्यकला अपार सुखमा आनन्ददायी क्षण ॥६॥

यो सानो 'नइ' छैन देशभरमा अस्तित्व राख्ने भयो
बास्ना चल्दछ विश्वमा सकलको विश्वास भर्नेछ यो
सारा ती नरनारीका हृदयमा सन्मार्ग देखाउँछ
कैयौँ काव्य-सुधा दिएर जनमा सम्मान दर्साउँछ ॥७॥

धेरै काम भयो समाजबिचमा नौलोपना कोरियो
भावी सन्ततिमा प्रभाव छरिने सद्भावना बर्सियो
विद्या-वृद्धि गराउने प्रकृतिको सौन्दर्यशाली धन
संस्था यो 'नइ' प्रेरणाप्रद सधैँ ज्यूँने कला-दर्शन ॥८॥

'हाम्रो संस्कृति-सभ्यता-सृजनता सम्पूर्ण प्रेमी बनून्
हाम्रो देश-विशाल-भाल सबका गन्तव्य साझा रहुन्
यस्तो सुन्दर सृष्टिमा नव युवा जागून्, बनून् प्रेरक'
भन्ने हो 'नइ'को यथार्थ रचना संसार होस् सार्थक ॥९॥

अन्तर्दृष्टि खुलोस् खुलोस् सुजनता चैतन्य साम्राज्यमा
संस्थाको गरिमा जुटाउन सबै साझा बनून् राज्यमा
द्रष्टा काव्यकला प्रचारित हुने सत्प्रेरणाको थलो
आकाङ्क्षा 'नइ' पूर्णता सकलको अस्तित्व राख्ने थलो ॥१०॥

सारा विश्व सजाउने प्रणयिता हौ अग्रगामी 'नइ'
साराको नव सिर्जना सम भई आराधना हौ 'नइ'
छन् जीवन्त समाजमा कृति-सुधा आधार बन्यौ 'नइ'
मान्छेको मन माञ्न तत्पर हुने साकार बन्यौ 'नइ' ॥११॥

नारीको महिमा सजाउन भनी भेला गरायौ 'नइ'
गोष्ठी भव्य गरी समस्त दुनियाँ आश्चर्य पाऱ्यौ 'नइ'
राम्रा पुस्तक लेख्न प्रेरित गरी संसार छर्थ्यौ 'नइ'
सिर्जिन्छन् नव सिर्जना सुरभिमा सम्मान गर्थ्यौ 'नइ' ॥१२॥

नेपाली जनकार्यमा समय यो साहित्यमा छौ 'नइ'
साना बालक-बालिका नव-कला भर्ने कुची हौ 'नइ'
देशी होस् कि विदेशका जनहरू सम्मान दिन्थ्यौ 'नइ'
आफ्नो जीवनमा छ सोच गतिलो माला सजायौ 'नइ' ॥१३॥

आभा यो 'नइ'को सदा अमर होस् साहित्य-उद्यानमा
आफ्नो गौरव राख्नमा अटल होस् सत्कर्मको साथमा
भाषाविज्जनको विचार-गरिमा जीवन्त होस् दर्शन
छाओस् यो भवमा प्रसन्न दिलले प्राकट्य होस् जीवन ॥१४॥



# सिर्जन पर्वत

**दीपेन्द्र केसी**

जब अँध्यारो आकाश खुल्छ
र, झर्छ प्रकाश
अनि देखिन्छन्
अनि भेटिन्छन्
चिनिन्छन् र गनिन्छन्
सहस्र अक्षरका किसानहरू
जो कलम जोतिरहेका
सादृश्य
त्यो उज्यालो हो– नइ !

अथकित कोलम्बसझैँ
तिमी आविष्कारित
परिचयको श्रीपेच वरपर सुशोभित
राष्ट्रकवि, नारीरत्न, शताब्दी पुरुष र महासमालोचक
त्रिमूर्ति इत्यादि इत्यादि
यो युगका साइनबोर्डहरू
अडिएका छन् तिम्रा छातीमा नइ
शब्दका पक्षीहरू
यो आकाश, यो वायु

र यी रङ्गीन बाटिका
तिम्रै उपहार हुन् नइ ।

यसो भनिरहन कुनै शङ्कोच छैन
किनभने
यो यथार्थको धरातल
तिम्रै पौरखको उपज हो
जहाँ म उभिएर हेरिरहन्छु
हूलका हूल अक्षरका मलेवाहरू
जीवन उडिरहेछन्
तिनीहरूले गाइरहने मीठो गीत
फैलिएको हो नइगृहबाट ।

त्यागेर आफ्नो लय
धुन भरिरह्यौ अरूहरूलाई
थाती राखेर आफ्नो परिचय
ठडचाइरह्यौ पर्वतहरू अरूहरूलाई
हो, सिर्जन पर्वतको त्यही चुलीमा
मिर्मिरेमा तिमीलाई हेर्न मन गरिरहने
तिमी आउने बाटो कुरिरहने
एउटा कालजयी नइ ध्वजा हुनेछ ।
नि:सङ्कोच
एक पटक पछि फर्केर हेर नइ
यसै भनिरहेछन्
तिम्रा प्रिय तेञ्जिङहरू !



# चिन्छु कि चिन्दिनँ

**देवराज कार्की 'मिलन'**

पूर्वबाट उदाउने
धर्तीको अन्धकार हटाई
मनलाई माझेर
जुठेल्नामा टलक्क टल्कने
काँसको थालझैँ बनाउने
प्राज्ञिक भोकलाई तृप्त गर्ने
घामको पाइला जस्तो
खै चिन्छु कि चिन्दिनँ
मनभित्र राखेको छु– नइ !

बगैँचामा मुस्कुराउने
सुगन्धित बास्ना छर्ने
पारिजात होस् या इन्द्रकमल फूलझैँ
मन लोभ्याउने दृश्य
हरेक मनको मझेरीमा
ज्ञानको सप्तरङ्गी इन्द्रेणीसँग
प्रत्येक जनको ओठमा झुन्डिने
खै चिन्छु कि चिन्दिनँ
आफ्नै नयनमा
तस्बिर बनेको छ– नइ !

भाषा बोकेर हिँड्छ
भरियाले ढाकरमा
खाजा, सामल बोकेझैँ
संस्कृति लिएर हिँड्छ
उधौली, उभौली मात्रै हो
लाखे नाच, गाईजात्रा
देउडा, धाननाच र
च्याब्रुङ पनि
अनि
हिमालदेखि तराईसम्म
लेपुलेकदेखि मेची जम्मै
श्रीकृष्णले गोवर्द्धन पहाड
एउटा औँलाले उठाएजस्तो
सिङ्गो साहित्य शिक्षा क्षेत्र
जुरुक्क बोकेर लम्कँदै छ
खै म चिन्छु कि चिन्दिनँ
मनस्पटलमा जमेको छ– नइ !

भूकम्प गएर धर्ती
धरमराउन सक्छ
बाढी आएर नदी
जमिन कटान गर्न सक्छ
पहिरो आएर सडक
यातायात रोकिदिन सक्छ
मृत्यु आएपछि जीवनमा
प्राणवायु रोकिन्छ नै
अनेकौँ आँधी हुरीसँग जुध्दै
कैयौँ अवरोध छिचोल्दै

अघि एकदम अघि
लम्किरहेको छ माटोमा
खै म चिन्छु कि चिन्दिनँ
अपराजित योद्धा भएर
लम्किरहेछ– नइ !



# धामको धाम

**धनराज गिरी**

हाम्रो हो नइको प्रकाशन सखा सारा उज्यालो दिने
छाता अक्षरको कमाल घर हो आफन्तले सम्झिने
खेती नै कविता भयो सरलता राम्रो चिनारी सदा
दाताराम बने नवीन शुभ भो माता खुसी शारदा ।

चौतारी भनियो सखा सकलको यो धामको धाम हो
वाग्देवी समता पवित्र ममता आनन्द आराम हो
सेवा हो नइको सखी भगवती छोरी बनी काखमा
दाजी इन्द्र नरेन्द्रराज गरिमा मान्छे उनी लाखमा ।

आस्था भो अवतारमा मन गयो आचार्य आफ्ना भए
चौतारी सजिलो अनन्त रसिलो आफन्त धेरै गए
भाभीजी करुणामयी सरलता वागीश हुन् इन्दिरा
जोडी हो कविको पवित्र छविको आचार्य आए हिरा ।

पूजा अक्षर शब्दको हरघडी भो साधना अर्चना
लेखी लेख अनेक पुस्तकहरू आराधना वन्दना
लक्ष्मीको सम लेखनाथ महिमा साहित्यको धाम हो
ब्रह्मा विष्णु महेश ताज बुझियो आदित्यको काम हो ।

सौराहा वनराज आज कविता कोर्दै छ टाढा बसी
माया आदर हो कथा गजलमा सुक्दैन हाम्रो मसी
होला काम तमाम राम सविता मेरो बधाई भनी
आयो भाइ बनेर आज घरमा संस्कार भो लेखनी ।

राम्रो काम गरेर नाम हुन गो आहा त्रिपाठी गुरु
ज्ञानी धेर यहाँ पुगे विगतमा सत्कार्य धेरै शुरू
सम्झी दूर बसी शशी र सविता दाजी विवेकी भनी
लेखेको कविता सुवास गरिमा भाभी यही लेखनी ।



# उज्यालो हृदयभूमि

**प्रमोद सारङ्ग**

नइको उज्यालो मन्दिरमा
नइको निकेतनमा
भाषासाहित्य, कला र सङ्गीतको
उज्यालो हृदयभूमि छ !

जस्तो कि–
नइ– नदीको कञ्चन पानी
नइ– चरीको चिरबिर गीत
नइ– तपस्याको शान्त पहाड
नइ– पीपलको शीतल छहारी
नइ– घामको पारिलो ज्योति ।

नइको उज्यालो मन्दिरमा
नइको निकेतनमा
आदिकवि भानुभक्त बोलिरहेछन्
महाकवि देवकोटा बोलिरहेछन्
राष्ट्रकवि माधव घिमिरे बोलिरहेछन्
वाङ्मय शताब्दी पुरुष सत्यमोहन देखियो
युगकवि लेखनाथ बोलिरहेछन्

नाटचसम्राट् सम बोलिरहेछ्न्
कोइलीदेवीहरू
अरुणा लामाहरू
तारादेवीहरू बोलिरहेछन्
र डुलिरहेछन्
नइको स्रष्टाद्रष्टा बगैँचामा
घरदेशदेखि परदेशसम्मका
अनेक स्रष्टाहरू खेलिरहेछन् !

नइको उज्यालो मन्दिरमा
नइको निकेतनमा
भाषासाहित्य, कला र सङ्गीतको
उज्यालो हृदयभूमि छ ।
हेर त–
देशमा भाषासाहित्य, कला र सङ्गीत निहार्ने
राजारानी जिउँदै छन्
हेर त नइको उज्यालो !



# विश्वव्यापी भएको छ

## डा.बमबहादुर थापा 'जिताली'

**नइ भन्छ–**

नरेन्द्र र इन्दिराको म हुँ प्रकाशन
साहित्यिक संस्थासँगै चल्छ प्रशासन
अनगिन्ती पुस्तक छापेँ छपाइ छ राम्रो
छपाइमा आकर्षक लिपि हुन्छ हाम्रो ।

थरीथरी पुरस्कार दिने हाम्रो संस्था
कर्मयोगी कवि कला, साहित्यमा आस्था
प्रकाशन संस्था हाम्रो दातासँग लिने
प्रतिष्ठित लेखक र कविलाई दिने ।

सरस्वती, लक्ष्मीलाई राख्छु मिलाएर
दुवैलाई राख्छु सँगै खुसी दिलाएर
कर्मवीर नरेन्द्र हुन् इन्दिरा हुन् माता
समाजको कल्याणमा खोलेका छन् खाता ।

विश्वव्यापी भएको छ हाम्रो उच्च कर्म
सम्मान र पुरस्कार दिनु हाम्रो धर्म !
छापाखाना बनेको छ सेवा गर्ने थलो
पच्चीस वर्ष भएको छ प्रतिभाको भलो ।

परस्पर सद्भाव र पौरखमा उठी
जनहित गर्छु सधैँ कल्याणमा जुटी
उपकार गर्न पाऊँ प्रतिभाका निम्ति
सेवा गर्न पाऊँ सदा यही गर्छु बिन्ती ।



# साहित्य मन्दिर

**भगवती बस्नेत**

पच्चीस वर्षको मान्यो जयन्ती धुमधामले
खुसी भयौँ सबै हामी भव्य भावुक भावले ।

साहित्य चिन्तनै गर्छ नित्य नइ प्रकाशन
नरेन्द्रइन्दिरा ठान्छन् साहित्य पूज्य जीवन ।

दम्पतीको गरौँ मान दिव्य दिल दिईकन
उपहारहरू बाँड्छ साहित्यमा दिई मन ।

कविश्री कवयित्रीको हुन्छ अनन्य पूजन
यो संस्थाको गरौँ सेवा हामीहरू मिलीकन ।

संस्थाको वन्दना साथै गरौँ साहित्यसेवन
साहित्यको सम्झना हो मनुष्यको सही धन ।

उत्कृष्ट दिव्य संस्था हो नइ साहित्य मन्दिर
प्रज्ञा पावन पारेर लेखौँ साहित्य सुन्दर ।

बुझेमा कविता काव्य हुन्छन् नमासिने धन
विद्वान् औ विदुषी मान्छन् साहित्य नै सुशाधन ।

आस्था त्रिमूर्तिको उच्च नइ मान्दछु पावन
संस्था यो अघि बढ्दै छ गर्दै छ कीर्ति आर्जन ।

ज्ञानीबाट लिई शिक्षा सद्भावना बटुल्दछु
पाएर ममता मीठो दुःखकष्ट म भुल्दछु ।

प्रतिष्ठा यसको राख्छौँ राम्रा कर्म गरीकन
संस्थाको सम्झना गर्छौं पार्दै सुखद चेतन ।

संस्थाको वन्दना गर्दै चढाऔँ पुष्पचन्दन
नेपाली जनता मान्छौँ भई अनन्य सज्जन ।



# प्रतिभा झोली रित्तिँदैन

**भवानी खतिवडा**

नइ हो भावको पुञ्ज वैलन्न कहिल्यै पनि
नइ हो ज्ञानको कुञ्ज मैलन्न कहिल्यै पनि ।

नइ सङ्घर्ष हो उच्च आत्तिन्न दुःखमा पनि
नइ हो साधना स्वच्छ मात्तिन्न सुखमा पनि ।


नइ हो सिर्जना यात्रा रोकिँदैन कुनै पल
नइ हो प्रतिभा झोली रित्तिँदैन कुनै पल ।

नइ अग्रजको प्यारो घर दृष्टान्तलायक
हो यो अनुजको न्यानो भर आनन्ददायक ।

नइ त्रिमूर्तिको बाग प्रदीप्त रत्नको घर
नइ वाङ्मयको भाका गुँज्छ नित्य निरन्तर ।

पुजिँदा छन् जहाँ कैयौँ ओजस्वी सिद्ध साधक
फक्रँदा छन् जहाँ लाखौँ तेजस्वी नवसर्जक ।

वाग्देवीका पुजारी हे कलाका अनुगुञ्जन
सिर्जनाका चुलीलाई सहस्र अभिनन्दन ।



# तिमी कल्पान्तजीवी

**मनिराज जोशी**

तिम्रो चाँद महामहोत्सव हुँदा अत्यन्त छौँ हर्षित,
छायो शीतलता प्रसन्न मनमा साह्रै छु आह्लादित
जो जो काम भयो कला सुकृतिले छौ लोकप्यारा तिमी
तारा-भानु समान भै गगनमा चम्की रहे हे 'नइ' ।

लाखौँ सर्जक सूत्रबन्धन गरी साहित्य माला उनी
लाखौँ काव्य कृति विमोचन गरी स्रष्टा र द्रष्टा चुनी
आफ्नै सन्तति झैं मनोरमणमा उत्साह माया दिई,
तारा-भानु समान भै गगनमा चम्की रहे हे 'नइ' ।

तिम्रो सोच र कर्मले हुन पुगे कोही शताब्दी कवि
पाए मान-उपाधि राष्ट्रकविको संसार छाप्ने छवि
तिम्रै साहस सीपले कति भए साहित्य सम्मेलन
तारा-भानु समान भै गगनमा कैले ननिभ्ने बन ।

गर्छौं सिर्जन व्यक्तिवृत्त कहिले लेख्छौ कतै जीवनी
छन् ओझेल सुदूर दूरभरिका खोजेर माला उनी
आफैँ अग्र सरी प्रकाशन गरी साहित्य ऊर्जा छरी
राखी अक्षयकोष अर्पित भयौ पच्चीस वर्षे भरी ।

माया-अर्पणता सदाशय तथा सद्भाव सम्मानले
हामी छौँ कृतकृत्य उन्नति गरी-साहित्य आँखा खुले
तिम्रो भाव परोपकार-ममता, आभारमा छौँ, नइ
तिम्रै गौरव गर्दछौँ हृदयले, कल्पान्त बाँचे, ‘नइ’ ।

नेपाली धरणी धरोहर तिमी साहित्यका सागर
थाक्दैनौ कहिल्यै दिनानुदिनमा वर्षा गरी सागर
तिम्रै ओज र तेजले सुयशले साहित्य आलोक छ
हाम्रा हौ अनमूल्य पारस तिमी सौजन्य संयोग छ ।

दिन्छौ प्यार-विचार-स्नेह-ममता उत्साह सम्बर्धन
बाड्दै छौँ अभिभावकीय ममता वात्सल्य ता चुम्बन
गर्दै छौँ जयकार हे ‘नइ’ तिमी कल्पान्तजीवी बन
हाम्रा वैभव सम्पदा सदयता अक्षय होऊ धन ।



# उच्च चिन्तन

**प्रा.मुकुन्दशरण उपाध्याय**

भाषा साहित्य सेवा मा समर्पित बनी कन
नरेन्द्र इन्दिरा जोडी गर्दैछ उच्च चिन्तन ।

दुवै लेखक छन् राम्रा दुवै छन् प्रतिभा धन
तर दुवै जुटेका छन् अरु लाई उठाउन ।

प्रकाशन छ उत्कृष्ट छन् कार्यक्रम उत्तम
दिनरात खटेका छन् गर्न साहित्य उद्यम ।

नइ युगल को एस्तो देखी जाँगर विक्रम
उत्साहित बनेको छ नेपाली हरु को मन ।

राजकीय प्रतिष्ठान सारै थकित झैं भयो
नइ युगल मा कस्तो चोखो जाँगर देखियो ।

लोभलाग्दो गरी कस्तो सज्जा पुस्तक ले लिए ।
धन्य धन्य बने लेख्ने, पढ्ने पाठक लोभिए ।

यो चर्चा सुन्न पाइन्छ नेपाल मा सबै तिर
सच्चा लगन कै मात्र हुँदो रैछ समादर ।

वर्णविन्यास मा चाहिँ एस्तो नइ प्रकाशन
अलमल्ल परे जस्तो देखिन्छ आज सम्मन ।

विभक्ति जोडिने शब्द सार्वनामिक मात्र हुन्
बाँकी शब्द हरू पूरै पृथक् लेखिन योग्य छन् ।

तर प्रज्ञा प्रतिष्ठान, त्रिवि र सरकार ले
नीति उल्टो लिएका छन् अव्यवस्था सिकाउने ।

मेरो विनम्र बिन्ती छ जागा नइ प्रकाशन
अवश्य शुद्ध हिज्जे को गर्ला प्रयोग रक्षण ।

इनै शब्द तथा भाव लिएर नइ युग्म मा
सहस्र बार अर्पन्छू दिल को शुभ भावना ।

(यो रचना कविको आफ्नै व्याकरणमा आधारित छ)



# महान् संस्था

## मुकुन्द शर्मा चालिसे

नेपाली इतिहासमा नइ महान् संस्था भई सप्रियो
राम्रा सर्जकका निमित्त गतिलो आस्था उहीँ थुप्रियो
हामी स्वागतमा उपस्थित बनी खोलौँ खुसीका स्वर
राम्रा काम गरेर नै मनुजको उच्चा हुने हो शिर ।

छापिन्छन् कति उच्च काव्य कविता साथै समालोचना
नेपाली महनीय भावसितका छन् गीतिका गुञ्जना
स्रष्टा अग्रज गण्यमान्य मनको माया बटुल्ने यही
हाम्रै पूर्वज ती विशिष्ट जनको छाया समेल्ने यही ।

होऊन् बाल कि वा युवा कि युवती लम्काउने लेखनी
भर्ने सार्थक प्रेरणा हतपती देखाउँदै रोसनी
पाका सर्जकमा यही सरसरी सम्मानदाता महान्
राम्रा लेखकमा हुने हरघडी निष्कम्प छाता महान् ।

पन्छाएर विवाद छन् जति यहाँ त्यो नाम यो नाममा
डट्ने शस्त्रमयी मसीसित सदा साहित्य सङ्ग्राममा
उम्दा लेखक-लेखिका नइ दुई साहित्यका सारथि
तिम्रो कीर्ति सुगन्ध होस् दश दिशा बाधा नआई रती ।

यस्तो ठाउँ जहाँ मनस्विजनका मीठा समुद्गार छन्
स्रष्टा निम्ति अनन्य आदर दिने राम्रा पुरस्कार छन्
झल्किन्छन् जसमा त्रिमूर्ति महिमा यस्तो छ संस्था नइ
जाओस् उन्नति मार्गमा अघि बढी राखेर निष्ठा सही ।



# अक्षरको भगवान्

## मुना श्रेष्ठ

भगवान्ले सबैलाई माया गर्छन् रे
भगवान्ले सबैको भलो गर्छन् रे
यस्तै सुनेकी हुँ सानैदेखि
तर मैले
कहिल्यै भगवान्लाई देखेकी छैन
भगवान्लाई कहिल्यै भेटेकी पनि छैन ।

खोजिरहेथैं भगवान्
मैले अचानक नइलाई भेटेँ
छक्क परेँ
खुसीले रोएँ
आनन्दले भक्कानिएँ ।

मलाई त अचम्मै लाग्यो
नइ त भगवानै लाग्यो
किनभने मैले मन लेख्न जानेँ
मैले भावना पोख्न थालेँ ।

त्यसपछि मैले भगवान् बिर्सेँ
त्यसपछि म नइमै रमाएँ

त्यसपछि म नइमै हराएँ
मैले मेरो अक्षरको
भगवान् नइमै पाएँ
किनभने
नइले मलाई लेख्न सिकायो
नइले मलाई लेख्न लगायो ।



# साहित्यको सम्मान

**डा.मोदनाथ प्रश्रित**

नइ नेपालमा एक संस्था सभ्य र दिव्य छ
राजनीतिकबाहेक धेरै रम्य र भव्य छ ।

सम्पूर्ण जनतामाथि समताभाव राख्दछ
सम्प्रदाय हटाएर एकता जग्मगाउँछ ।

सुदूर नइका लागि प्रेरणाहरू आउँछन्
नि:स्वार्थ चेतनासाथ भित्रैदेखि रमाउँछन् ।

यौटै हुन् पृथिवी आमा सारा जन्माउने जति
उनैका सब सन्तान बढ्दै छौँ कति हो कति ?

असङ्ख्य सृष्टि संसार कस्तो हो हाय मूढता
ज्ञानविज्ञानको मार्ग खोज्दै जाऔँ जतातता ।

लेखनाथ, बालकृष्ण, देवकोटा तथा अरू
प्रेमराजेश्वरी, गोमा, पारिजात महान् गुरु ।

साहित्यको मान गर्दै सेवा दिने निरन्तर
नइ साहित्य संस्था हो पार्ने मति मनोहर ।

भाषासाहित्यको मान गर्छ संस्था निरन्तर
उज्यालो दीपले जस्तै छर्छ आभा जगत्भर ।

हामी साहित्य स्रष्टाका प्रेरणा प्राप्त गर्दछौँ
ज्ञानविज्ञानका साथ राष्ट्रलाई उठाउँछौँ ।

हाम्रा जेजति सामर्थ्य भित्रैदेखि जगाउँछौँ
ज्ञानविज्ञान आर्जेर नइलाई उठाउँछौँ ।



# विश्वसम्पदा हुनेछ

**मोहन आचार्य जलद**

नेपाली साहित्यको
पुनर्जागरण हुँदै छ
देख्दै छु म नइ लोक
जहाँ भेटिन्छन्
अनेकौँ देशभक्तिका गुञ्जनहरू
साहित्यिक कृतिका व्यञ्जनहरू
अहोरात्र खटिरहेछन्
मौरीजस्तै
कमिलाझैँ
नइ प्रकाशनका मनहरू
सगाउनु छ, सजाउनु छ
मन वचन र कर्मले
हुँदै छ
साहित्यिक यज्ञ
नइ प्रकाशनको आँगनमा
निरन्तर अनवरत
जुझारु कार्यशैलीले
त्रिमूर्ति निकेतनसामु
धेरै अग्रज साहित्यकारको

जीवनी लेखियो
लेखिनुपर्छ
सरकारको सामुन्ने
देखाएको यो साहसले
हामीलाई प्रेरणा जगाइरहन्छ
नइ प्रकाशनले
गरिरहन्छ, गरिरहन्छ
थाक्दैन
बरु जागरूक बनाउँछ
कहिलेकाहीँ सरकारलाई
झकझकाउँछ
विवश बनाउँछ
साहित्यिक गौरव बनाउँछ
देशको उदासीन राजनीति
युवालाई मुग्लान पठाउँछ
केही शकुनिहरू
केही देशद्रोहीहरू
केही आततायीहरू
केही घाती अन्तर्घात गर्दै
देशलाई डुबाउन खोज्छन्
नइ प्रकाशनले
बुलन्द आवाज जगाउँदै छ
साहित्यलाई मिलाउँदै छ
कहाँ दुख्छ सिमानाहरू
कहाँ सुक्छ रगतहरू
नियालिरहन्छ
सम्झाइरहन्छ
नइ प्रकाशनले

जसले देशको माया गर्छ
जसले जन्मभूमिलाई सम्झिन्छ
जसले साहित्यको मर्मस्पर्शी
सृजनाले देशलाई जगाउँछ
नइ निरन्तर प्रयास गर्छ
दुई आत्माले दुई आवाजले
बनेको बलियो खम्बा हो
चाँदनी अझै झुकिन्छिन्
शान्ति देव अझै अर्पिन्छन्
दैवले पनि चिन्न सकेन
कठै त्यो अतीत सम्झिन्छ
दुष्टले हानेका
ती आत्मालाई भुल्न सक्दैन
नइ प्रकाशनले
सृजनामा उदाएका
ती युगल मनलाई
लाखलाख धन्यवाद
त्यसैले
नइ बनेर
नेपाली साहित्यका लागि
अनुपम उदाहरण बन्न पुगे
देश देशान्तरबाट
हरेक नेपाली सर्जकले
अवश्य सम्झिन्छन्
नइ प्रकाशनलाई
म कसरी भुल्न सक्छु
देवकोटालाई भेटेझैँ लाग्छ
सम, लेखनाथ र भानुमोती

सवैको बिम्ब प्रतिबिम्ब
नइ प्रकाशनको आँखामा भेट्छु
देशको साहित्य जगमगाएको देख्छु
हरेक वर्ष
देश देशान्तरमा
नेपाली साहित्यको जगेर्ना गर्दै
सर्जकलाई सम्मानित गर्नु
उत्प्रेरणा गर्नु
नइ प्रकाशनले नै
आफ्नो कर्तव्य सम्झेको छ
त्यसैले
नइ मन्दिर विश्वसम्पदा हुनेछ
नइ लोकलाई अर्पण गरौँ
सांस्कृतिक, सामाजिक र साहित्यिक योजनाले
हामीलाई जगजगाइरहोस्
हरेक मोडमा सफलता मिलोस्
अनुकरणीय बनून् ।



# उज्यालो कीर्ति

**मोहनराज खनाल**

प्रवासी मन
नेपाल भित्र्याउन
अनेकौँ दृश्य देखेको छु
जतासुकै नेपालीलाई
खोजिरहने नइ
हिमाल बोलिरहने नइ ।

प्रवासी मुटुलाई
न्यानो स्वागत गर्ने
सत्य र न्यायका पक्षमा
उभिरहने
सिर्जनामूलक स्रष्टाका छातीमा
खुसीको वर्षा बर्सिरहने
शिष्टाचारको छाता नइ
सिङ्गो नेपाली मनको
आदर्श नइ ।

नइको उदार छातीमा
धेरै उत्साह र उमङ्ग रोपिए

आज विश्वमाऊ
नइका फलफूल लटरम्म
सुरभित
कीर्ति उज्यालोमा पुगेको छ
नइको बल
प्रचण्ड वेगमा अगि बढिरहेको छ ।

संसारी मनहरूको आशारूपी
नयाँ विचार र भावनाहरू पस्किरहने
स्वच्छन्द छ नइ ।

नइ साझा फूलबारी हो
नइमा कुनै पनि भमराले
रसिलो साहित्य रसपान गरिरहन्छ
मनमुग्ध रहन्छ नइ ।

सूर्योदयसँगै जागिरहने
सूर्यास्तमा पनि
जून र तारा बनेर
उज्यालो कीर्ति छरिरहने
विश्रामबिना
भाषासाहित्यमा भागदौड गरिरहने नइ ।

कैयौँ अभियानहरू
निरन्तर चलिरहन्छन्
मानसम्मानले युक्त नइ
सदा सम्मानित भइरहन्छन्
नइको फूलबारीमा

कैयौँ पानाहरू फलिरहन्छन्
लक्ष्यभेदी भइरहन्छन् ।

नेपालबाहिर र भित्र
अमर गाथा बनिरहन्छ नइ
भानु उदाएजस्तै उज्यालो नइ ।



# सारा उज्यालो भयो

**प्रा.मोहन सिटौला**

यौटा दीप बल्यो, बल्यो भुवनको नेपालमा त्यो बल्यो
चम्की दीप्त बल्यो भएन मलिनै त्यो विश्वव्यापी भयो
नौलो रूप थियो, थिएन कहिल्यै भूत्कालमा रूप त्यो
व्याप्तै भो नइ ढाक्छ रे सब दिलै सारा उज्यालो भयो ।

दोटा मानव रूपका चहकिला बिम्बै थिए एकका
एकात्मा तिनका शरीर दुइटा उद्देश्यका उच्चका
सारा गद्य र पद्य, विस्तृत कला, सङ्गीतका पासमा
जाँदै प्रीत लगाउँदै मधुमती सञ्जीवनी सिञ्चना ।

गर्दै जीवन कष्टमा दु:ख मिटी नाना दबाई दिने
प्यारा डाक्टर, नर्स, लोचनयुगी ती पत्रकारै पनि
शिक्षा क्षेत्र विशाल माल जगको अन्धत्वमा दीप हो
बाल्ने चेत समेटि ल्याइ सँगमा सन्मान गर्ने अहो !

बाला, नारी, किशोर, प्रौढ र युवा, बूढा शुभात्माहरू
खोज्दै मान बढाउँदै, भुवनका नेपाल चिन्नेहरू
मायाका ममता र उच्च तहका विद्वान् विदूषीहरू
चिन्दै सान भरेर शान्त जग यो सन्मान गर्नेहरू ।

सारालाई समेटी, खोजी मनका सन्मानका मानका
मुटु स्पन्दनका सुचित्त मनका सौहार्दका भावका
ल्याई कर्म चिनाइ भव्य जगमा औदार्य मीठो दिने
नाना चिन्तन चाल कर्म जनमा सत्कार सेवा दिने ।

नौलो पुष्पित बाग जीवन फुल्यो, ती वक्षमा स्निग्धता
उच्चो चिन्तन दीप दीप्त हुन गो सौन्दर्य, सौहार्दता
मिल्थे स्वप्न, सुविप्न, कल्पन मिठा मेची र कालीमयी
चम्के जीवनमा प्रफुल्ल विधु झैँ, सौदामनी झैँ नइ ।

ॐकारी शुभ मार्ग जीवन भरी यात्रा चलाई रहु
नित्यै साधन शुभ्र कार्य महिमा सङ्गीत गाई रहु
शङ्खादि, डमरु, प्रभात नविना घण्टादि सुन्दै रहु
सारा जीवन वागमा मगमगी बास्ना चलाइ रहु ।



# देउता भई निस्कन्छ

**यशोदा अधिकारी**

सेतो हिमालको दैलो उघारेर
सिर्जनाको समुद्र बगाउँछ
विकृतिको आँखा जाँचेर
स्वीकृतिको चस्मा थमाउँछ नइ !

कात्रो ओढेर भ्रम फैलाउनेहरू नै
प्रवेशाज्ञाको भिख माग्छन् त के भो ?
अँध्यारो निषेध छ नइ मन्दिरमा
पछुतोको खत देखाउँदै
पछिपछि भिकारी नै पुग्छन्
नइको क्यामराले
प्रवेश निषेध गरिदिन्छ ।

राम्रो जति नइको हाम्रो
न दल न बल
न कर न छल
मगन्तेलाई कालो सूची
एउटा ठूलो हाँक पनि
स्वाभिमानको राजमार्ग नइ !

स्रष्टा सच्चा भईकन पनि
शिल्प मीठो सुबान छ नइ
ढुङ्गा पस्छ यदि नइ मन्दिरमा भने
निस्कन्छ त्यो देउता भईकन ।

कैयन जल्छन् आरिसले
नइमाथि
झुन्डझुन्ड अनेक सभा बस्छन्
तर निश्चल छ नइ
स्वच्छ र विवेकी छ नइ
पाइला चालेपछि
सगरमाथा नै चडी छाड्ने नइ
वास्ता छैन गाली र तालीको
भन्नेले जेजे भने पनि
आफ्नै धुनमा छ नइ !

बाल, वृद्ध, प्रौढ, महिला
तेस्रो लिङ्गी पनि
नइ गीत साहित्यमा
गाउँदै हिँड्छन् त नि !

दूरदूर दृष्टि लगाएर
प्रतिभालाई चिन्ने नइ
सत्मार्गमा हिँडिरहने
अन्यायलाई चिर्ने नइ ।

प्रज्ञाप्रतिष्ठान पछि पऱ्यो
नइ जागेपछि
नसकिने केही छैन
नइ लागेपछि ।



# संस्कृतिको विकास

**युवराज घिमिरे**

मैले चिन्दछु राष्ट्रका गहकिला साहित्यका साधक
बन्ने सेवक देशको र जनको खट्ने सदा नायक
उन्को नाम नरेन्द्र लेख्छु मनले हुन् हर्षका देशमा
राम्रो साथ दिएर काम गरने छन् इन्दिरा साथमा ।

यौटा स्वर्णिम कालको उदय भो संस्था नयाँ जन्म भो
राम्रो लग्न जुट्यो अनि दिन सफा माघ् पन्ध्र साकार भो
धेरै वर्ष बिते पनि सफल भो बाउन्नको साल नि
कस्तो सुन्दर नाममा अघि बढ्यो फैलाउँदै रोसनी ।

तिम्रो त्याग म देख्छु देशभरि नै माटो सधैँ प्यार छ
आफ्नै संस्कृति धान्नलाई कसिलो सिद्धान्त साकार छ
हाम्रा मूल्य र मान्यता चहकिला हुन् राष्ट्रका सम्पति
तिन्कै बृद्धि विकासमा अघि बढ्यो साझा बनी दम्पती ।

खोज्दै छौ प्रतिभा सफा हृदयले निष्पक्ष भै बेसरी
धेरै शीर्षकमा रमाउन सक्यो सम्मान नानाथरी
भाषा संस्कृतिको विकास पथमा साहित्य सेवा पनि
तिम्रा क्षेत्र सदैव बाल प्रतिभा विज्ञान खेल्कुद नि ।

नारी रत्न उठाउने प्रगतिमा राम्रो पुरस्कार छ
राम्रा गायक छान्नमा सफल छौ सङ्गीतको मर्म छ
सुन्दर् चित्रकला तथा प्रविधिमा धार्मिक अन्वेषण
गर्ने हैन विभेद जात थरमा राम्रो छ सर्वेक्षण ।

सुन्दै छौँ सब सत्यमोहन कुरा सम्मान नेपालमा
राख्यौ नाम 'शताब्दको पुरुष नै सेवा र साहित्यमा
अन्तर्राष्ट्रिय व्यक्तिमा पनि पुग्यौ सम्मानका खातिर
गोर्खाली मुल सम्झियौ विगतको जो छन् विदेशी घर ।

दाताको पनि साथ रै'छ दरिलो दिन्छन् पुरस्कार नै
राखी अक्षयकोष हर्ष मनले सम्मानका निम्ति नै
ठूलो राशि दिलाउने सहजले हुन् रामबाबु धनी
कीर्तिनिधि ती खुला हृदयका हुन् देशका धुकधुकी ।

चौतारी तिमि हौ समग्र रूपमा श्रीवृद्धि साहित्यको
गावैँको अनि बस्तिको सहरको मेची महाकालिको
गर्दै पान हिमालका रसबुटी झर्‍यौ तराईतिर
तिम्रा कर्म सुमार्गमा दिन बितून् नेपाल भन्दै मर ।



# संस्कारको उत्थानमा

**रश्मि मैनाली**

सुन्दर नभमा उदाएका जाज्वल्यमान दुई नक्षत्र हो नइ
साहित्य संसारका पथप्रदर्शक आदर्शवान् दुई अस्त्र हो नइ
चेतशून्य विवेकमाथि कालो पट्टी बाँधिएका जगत्धरालाई
ज्ञानाभासको दीप जलाउन सघाउने प्रकाशपुञ्ज नै हो नइ ।

थोपाथोपाका प्यासीहरूलाई तिमी साहित्यका समुद्र हौ नइ
मार्छन् डुबुल्की जब सागरमा तिम्रो मिल्नेछ मोती नामक नइ
छर्दै जाऊ अर्ग्यानिक बिज सस्कारको बाँझो मानस पटलमा
स्मृतिमा रहन्छौ जुगान्तर जगको भौतिक तिमी नरहेनि नइ ।

साहित्य र संस्कारको उत्थानमा जीवन आहुति दिइरहेका नइ
नि:स्वार्थ प्रेरणाका स्रोत बनी निव खियाइरहेका दुर्लभ स्रष्टा नइ
भन्छन् सारा ज्ञान व्यर्थ हुन्छ, भएन भने आत्मामा ज्ञानविवेक रत्ति
ऋणी रहनेछन् तिम्रा प्रशंसक पाठकहरू तिम्रो उच्च भावप्रति नइ ।



# मूल शिखर

**रश्मि रिमाल**

वसन्तको बहारमा सुन्दर
हरियालीको मुस्कानसँगै
प्रभातको लालिमा भएर
तिमी आइरहेछौ– नइ !

हरियाली बनेर
फूलको मुस्कानमा नाच्दै
तिमी आउँदै छौ ।
शान्तिको प्रतीक बन्दै
साहित्यको मन्दिर हौ– नइ !

शिखर, शिखर, मूल शिखर
साहित्यको अथक साधक
धड्कनका प्रत्येक घडीहरू
टिकटिक गर्दै
आइरहेछौ विश्व साहित्यमा– नइ !

तिम्रो साधना र जागरणबाट
नेपाली साहित्य मौलाइरहेको छ

अनि त सिर्जनाको चौतारीमा
तिमी नाच्दै गाउँदै आइरहेछौ
साहित्यको फूलबारी हौ तिमी– नइ !

हो, म साहित्यको मगमगाउँदो
सुगन्धभित्र रमाउन आतुर छु
समयसँग पौठेजोरी खेल्दै
तिमीसँग लुटुपुटु हुन म हिँडिरहेछु
देशदेशान्तरका एक साधक
तिमी हाम्रो सगरमाथामा छौ– नइ !



# दियो सदा बल्दछ

**ई.डा.राजेन्द्र पौडेल**

बाउन्नै थियो साल माघ महिना त्यै माघको पन्ध्रमा
नेपाली जनमाझ झुल्किन गयो साहित्यको चन्द्रमा
प्यारा दाजु नरेन्द्र साथ उनकै अर्धाङ्गिनी इन्दिरा
जोड्दा नाम जुऱ्यो अमूल्य नइको बन्दै गयो त्यै हिरा ।

नेपाली परिवेशका सकल ती भाषा र भाषीहरू
जोड्ने पुल बन्यो र एक सब छन् वासी प्रवासीहरू
चौतारीसरि लाग्छ आज नइको मिल्दा छहारी पन
साँच्चै नै नइ वाङ्मयको शिखर हो भन्छन् सबै सज्जन ।

ती सामाजिक मूल्य रीति गरिमा छन् मान्यता जे जति
अङ्गीकार समस्त गर्छ नइका सिद्धान्त हुन् सम्पति
संस्था शुद्ध छ राजनीति न कतै हावा हुरी चल्दछ
मात्रै ज्ञान विचार तर्कहरूको दीयो सदा बल्दछ ।

यो साहित्य अझै समुन्नत बनोस् नेपाल होस् उर्वरा
भन्दै ती प्रतिभा उजागर भए खोजी कुनाकन्दरा
होस् श्रीवृद्धि कला र कौशल नयाँ ती सिर्जनामा लय
स्रष्टाका रचना परिष्कृत बनून् सद्भाव छन् आशय ।

भाषा, संस्कृति, खेल, कौशल, कला सम्मान धेरै तिर
संस्था स्वच्छ, पवित्र मान्छ दुनियाँ हो कर्मको मन्दिर
यो यात्रा अझ लम्कियोस् मुलुकको श्रीवृद्धिका खातिर
श्रद्धाका यति शब्द अर्पण गरेँ मैले झुकाई शिर ।



# विश्वव्यापी शङ्खनाद

## डा.रामभक्त ठाकुर

घोर निरवता
अन्धकारमै
उत्पन्न हुन्छ प्रकाश
खुल्छ आकाश
यो देवभूमिमा
सुवास छर्न
कला, साहित्य, संस्कृतिमा
माधुर्यले ब्रह्माण्ड भर्न

अथाह साहित्य, संस्कृति वैभवको
सागरबाट एउटा गागर
ल्याएको लघु प्रयास
रमाएर बरालिएको
सत्प्रयास
मानौँ पाण्डवको सीमित
परिधिमा गौरवान्वित द्रोणाचार्य
सन्तुष्टि लिएका पाण्डुपुत्रहरू
एक्कासि स्वप्न भङ्ग
मानहीन, स्वाभिमानी

एकाग्र तपस्वी
एकलव्यको साधना
मानौँ शिवशक्तिको आराधना
नइको उपासना

छिन्नभिन्न भएका हाँगाबिँगा
समस्त नेपाली साहित्यकारको भर
नइ प्रकाशनको घर
नेपाली वाङ्मयको
गरिमा, गौरव बढाउँदै
विश्वव्यापी शङ्खनाद गर्दै
नइ प्रकाशन
बनेर पवित्र सरस्वती मन्दिर
गुन्जायो वीणाको स्वर
साहित्य कलाको सुवासित लहर
वाङ्मयका शिखर थप्दै
नारीधर्म, ललितत्रिपुरसुन्दरी
नारीचुली, देवकोटाका जीवनका नयाँ लहरी
राष्ट्रकविका अमर स्तम्भ
शताब्दी पुरुषका नयाँ प्रारम्भ
यो विजय यात्रा साहित्यको
चल्दै छ अनन्त
जन्माउँदै, रच्तै नयाँ कीर्ति
विश्व नेपाली नारीरत्न
अनि
साहित्यकै महासमालोचक पनि !

उमङ्ग वसन्तमा तर
होसियार रहनु

हे सगर नै चुम्न खोज्ने
एकलव्य नइ !

हुन सक्छ कतै
भनाउँदा द्रोणाचार्यले
आफ्नो अभिमान रक्षार्थ
दाउपेच न गर्न पावोस्
तिम्रो सिर्जना औँला नै कतै
गुरु दक्षिणामा जावोस्
जे होस्
यो माटोको यही इच्छा छ
नइको शङ्ख बजिरहोस्
हर ऋतुमा फल्दै फुल्दै रहोस् ।



# बगेकै छ बगिरहोस्

**रुकु कार्की**

भाषाका सागर हौ नइ हाम्रो गौरव
जुगजुग बाँचिरहू तिमी हाम्रो सौरभ
अक्षरका किसान हौ खनिरहू गोडिरहू
अनन्तसम्म अमर नाता जोडिरहू
प्रेरणाका स्रोत बन्यौ साहित्य प्रेमीमाझ
थाकेनौ निदाएनौ खट्यौ रातसाँझ ।

पूर्व हेर उज्यालो छ पश्चिम उज्यालो छ
तिम्रो कर्म सेवा धर्म सदा उज्यालो छ
शब्द हुन्छन् सीमित मात्र छवि अनन्त छ
हृदयको भाव छर्न नै कवि अनन्त छ ।

रजत महोत्सव पनि गर्‍यौ फूलै बर्सेसरि
समारोह नै मनाएथ्यौ आत्मा तृप्त गरी
जूनलाई तारा हेर्छन् हेरून् हेर्न देऊ
मेरो मनको चाहना हो भाव छर्न देऊ ।

लेकबेसी ब्युँझाउँछ बाँसुरीको धून
अभिलेख दिगो बनोस् तिम्रो माया गुन
लाखौँ स्रष्टा खुसी मान्छन् तिम्रो उन्नतिमा
बगेकै छ बगिरहोस् पानी गण्डकीमा ।

आमा जस्तै प्यारो लाग्छन् नइ भाषाशैली
जुनीभर दिइराख कोसेलीका थैली
इतिहास सदा बोल्छ साँचो कुरा मात्र
कीर्ति खान्न धमिराले लेख्छ सफा चित्र ।



# दिव्य तारा

**रूपा रिसाल चालिसे**

जूनतारा झैँ जगमग भर्छ नइ हुन् दिव्य तारा
घनघोर अँधेरीमा चम्केकै अमरकोष सारा ।
पवित्र गङ्गाजल पिउँछन् कण्ठमा शीतल धारा
निरन्तर बग्दछ सत्यता निश्चल प्रवाहका नारा ।

रोकिँदैन हरदम बग्यो चिसो हिमनदी किनारा
छेकिँदैन पूर्णचन्द्रको उज्यालो चाँदनी सहारा ।
स्वच्छ निष्पक्ष विचार विमर्श विद्वान्का साथमा
हिलो मैलो पखालिदिने न्यायको मर्म माथमा ।

घनघोर मेघ गर्दछ जसै वर्षातको मौसम ऋरी
बर्सेछ मिठो शब्द रचना भाषा भिजे रसमा भरी ।
हराभरा हुन्छ साहित्य जगत् सङ्घर्षका जीवनी
बुद्धको सङ्गत पर्दा तिखारिन्छ मस्तिष्कमा पनि ।

सुकेका रुख रसे सरी विद्वताका कलमको गति
सज्जन कोही बोल्दछ आफ्नै भाषाभेषका पति ।
माला उन्छन् जीवन रचना विद्वान्को परिचय
रहला कहाँ देह भौतिक, आत्मा बस्दछ सञ्चय ।

बराबरी को गर्न सक्छ यहाँ विष्णुलक्ष्मी साथमा
काव्यधारा बगेकै छ यहाँ सरस्वतीको काखमा ।
छापिए ज्ञानको भण्डार विशाल आख्यान रचेर
नइ नै हो दिव्य ज्योति प्रकाश किरण छरेर ।



# शिखर बनोस्

## रेशु गौतमाचार्य

नइ– नइको
सृजनात्मक मेल हो
यदि कृतिहरू बत्ती हुन् भने
प्रकाशन तेल हो ।

निभेनन् बत्ती कहिल्यै
थपिरहे सृजनाका तेलहरू
निर्माण भए कृति कृतिकारका
नइ तालमेलहरू ।

नेपाली वाङ्मय जोगाउने
नइ पनि त भयो
नित्य, नवीन, ज्ञानगुन थरीथरीका
उत्कृष्ट कृति दियो ।

इतिहास, वर्तमान र भविष्य सबैको
सङ्गम बनेको नइ
रजतमयी भयो तिम्रो यात्रा
स्वर्णमयी बनोस् नइ ।

सिर्जना फुलाउने संसार अर्को
चौतारो बनेछ नइ
हर प्रयास अरू प्रखर हुँदै
शिखर बनोस् नइ ।



# मायाको सागर

**लक्ष्मीअप्सरा पाण्डे**

सँगीजस्तो नइ
साथीजस्तो नइ
हासपरिहासमा नइ
जीवनको उल्लासमा नइ
लेख रचनामा नइ
पुरस्कारको संसारमा नइ
सबैलाई माया बाँड्ने
मायाको सागर नइ
भरअभर परिगए
संरक्षकै नइ ।

जति चोट खाएँ
कति दोष पाएँ
जिन्दगीका सबै घाउ
नइलाई नै देखाएँ
कहिले बाटो बिराएँ
कहिले बाटो हराएँ
अँध्यारोबाट उज्यालोमा
नइकै साथ आएँ ।

गाउँभरि नइ
देशैभरि नइ
संसारैभरि नइ
जतातत‍ै नइ
मन र मुटुमा नइ
फैलिरहोस् लाग्छ
नइ साथ हुँदा
धेरै भर लाग्छ
नइ नाम मलाई
धेरै प्यारो लाग्छ ।

सानाका पनि नइ
ठूलाका पनि नइ
सबैको भलो सोच्ने
देवदूतै हुन् नइ
अरूको भन्दा धेरै
मेरै मात्र नइ
मेरै साथमा नइ
भइरहोस् लाग्छ ।



# साहित्यिक अभियन्ता

## डा.लेखप्रसाद निरौला

संसार सृष्टिको मूल सिर्जना नित्य उर्वर
मनुष्य मनको भाका सिर्जनामै निरन्तर
केही नौलो गरौँ भन्ने भावनाभित्र हुट्हुटी
परिणाम त्यसैको हो सच्चा मानव उन्नति ।


वसुधा बहुरङ्गी छ मान्छेको मति झैँ सदा
त्यसैभित्र उदाउँछन् न जस्ता यदाकदा
साहित्य मात्र साहित्य न साहित्य साधना
जसको वृत्तमा हुन्छ स्रष्टा द्रष्टा सुचेतना ।

गठबन्धनको विम्ब कहाँ हुन्न यथार्थमा
साहित्य राजनीति होस् व्यक्ति संस्था जहाँतहाँ
न आफैँ दुवै तत्त्व त्यसैमा अरूसाथ छन्
सिर्जना साधना लक्ष्यसेवा स्तम्भ अकाट्य छन् ।

गुणग्राही गुणै रोज्छन् चिम्लिन्छन् दृष्टि दोषमा
निर्दोष दोषको मूल्य सापेक्ष हुन्छ विश्वमा
न दृष्टिमा मात्र अरूकै गुण देख्नु छ
मानौँ उद्देश्य हो सेवा सत्य साहित्य लेख्नु छ ।

साहित्य पथ यात्रामै जम्काभेट अवश्य छ
ने पौरखी छाया नछोए पनि व्याप्त छ
मेरो सम्पर्कको मूल साहित्य पथ नै भयो
मानसाग्नि, कार्यपत्र, भूमिका साथमा रह्यो ।

सधैँ सिर्जनको चिन्ता रचनात्मकता सधैँ
राष्ट्रबाट हुने कार्य न दिनै दिनै
पच्चिस वर्ष यात्राको इतिहास अमीट छ
अझै सद्भावका साथ बढोस् यात्रा भविष्य छ ।



# नेपाल आमा चिन्यो

## महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी

(क)

१. को राम्रो यस लोकमा सब जना राम्रो म भन्छन् भनून्
जो गर्ला इतिहासमा समयले ती फैसला पर्खिऊन्
स्वार्थैमा दुनियाँ अडेछ सब यो छन् मुक्त जोगी कहाँ
खट्ने देश समाज निम्ति दिलले खै भुक्तभोगी यहाँ ।

२. साक्षी यो युगको स्वयं समयका चक्का गुडे जो यहाँ
भोगेँ चालिस वर्षका विगतका ती घामछाया जहाँ
क्यै देखेँ र सुनेँ परेर त पढी मैले चिनेको नइ
पानीचित्र बनी रहे हृदयमा जो सम्झना ती नइ ।

३. एकैनास कहाँ छ जीवन स्वयं संसार छायाछवि
क्यै संयोग र मोड क्यै बदलिँदो संसारको यो छवि
आफैँमा गतिशील जीवन जहाँ क्यै चड्कने पर्दछ
बीचैमा अधबैँसमा पनि कथा जो बद्लिने गर्दछ ।

४. यो संसार समाज जीवन स्वयं सीधा कहाँ चल्दछ
यो त्यो बन्धन बाध्यता परिधिमा मान्छे कहाँ अट्तछ
क्यै ऊर्जा थपियो कि आँट पनि क्यै जोडी जुटी यो नइ
टुट्दै जुट्नु जहाँ छ विप्लव कथा ऊड्का त्यही छैँ नइ ।

५. तोड्दै बाँध समाज बन्धन कडा आँधी उठे झैँ जहाँ
मान्छेका दिल देशमा समयको तूफान उठ्दो नयाँ
घेरा बन्धन तोड्नु यो समयको विस्फोट ज्वाला नइ
ज्वाला गर्दछ सिर्जना पनि नयाँ ऊर्जा त्यही यो नइ ।

६. ज्वाला गर्छ स्वयं कि एक युगको आरम्भ अर्को नयाँ
झड्का गर्छ कि झैँ कुनै शुभ नयाँ अध्याय थाल्नी यहाँ
सेवाको व्रत पुण्य हो र त्यसको विस्तार झन्झन् बढ्यो
स्रष्टा अर्चन सिल्सिला युग नयाँ साहित्य संसार भो ।

७. स्रष्टा हुन् जुन यी स्वयं हृदयको आवाजले झङ्कृत
जुध्छन् यी कति यो समाजसँग जो आफैँ छ आतङ्कित
अट्ने हुन् कति यी नइ द्वय स्वयं यो विप्लवी मार्गमा
स्रष्टा अर्चन कामना पनि सँगै साहित्य श्रीवृद्धिमा ।

८. हेरेँ कौतूकले नइ द्वय दिशा उत्साहका पाइला
क्यै रच्ने युगछापका रहरमा सङ्घर्षले जोसिला
क्यै सोचेँ इतिहासका नजर साँच्चै कहाँ छन् नइ
संसारै कि त आत्म ज्ञापन कला क्यै भिन्नता हो नइ ।

९. क्यै टिक्छन् सब साधना समयको यो बालुवा खेलमा
पानीछाप धनी रह्यो स्मृति बनी जो सम्झना शेषमा
केही सोच्न र व्यक्त गर्न तिनले जे जो गरे प्रेरित
यी मेरा स्मृति पङ्क्तिका लहरमा झुल्कून् बनून् अङ्कित ।

**(ख)**

१. मुस्काएसरि सौम्य सोच सपना साहित्य क्यै कल्पना
कस्तो क्रुद्ध मिजास भोग्नु विपना साहित्य त्यै वेदना
नेपाली दिल दर्द साहस दुवै यो कल्पनोद्यानमा
आशीर्वाद छ यो जुट्यो जुन नइ स्रष्टार्चना पुण्यमा ।

२.	आशीर्वाद छ जिन्दगी व्रत त हो जाने बिसाई स्वयम्
जो पायो दिनु पुण्य हो व्रत महान् साहित्यसेवा स्वयम्
स्रष्टा हुन् सब देशरत्न तिनको सम्मान ऊचो रहोस्
वासन्ती सृजना मुना सकलको ऐश्वर्यको सिद्धि होस् ।

३.	मान्छेले अपमान मान दिलका खप्नै छ जो वेदना
जो निन्दा स्तुति यातना समयका झन् बद्लिँदा सम्झना
क्यै छानी र बिनी स्वयं समयका आवेगका फैसला
जो होला इतिहाससम्मत स्वयम् त्यै एक हो फैसला ।

४.	सेवाको कि त लोकमार्ग नइ भो वर्षैपिछे फैलिई
स्रष्टा अर्चनको अखण्ड व्रतमा आस्था धनी यो नइ
स्रष्टा अग्रजका सँगै अनुजका श्रद्धा र सम्मानमा
वर्षौंवर्ष उपासनाक्रम बढ्यो साहित्य श्रीवृद्धिमा ।

**(ग)**

१.	क्यै अर्पी पसिना कमाइ सृजना यो देशका खातिर
क्यै सोच्ने कम छन् समष्टि हितमा क्यै साधनाखातिर
क्यै देखी सपना विशिष्ट प्रतिभा सम्मानका निम्तिमा
आफ्नै आत्मविवेकले नइ जुट्यो सेवा महायानमा ।

२.	आफ्नो जीवन अर्पिएर जसले यो देश सेवा गऱ्यो
भाषा वाङ्मयको प्रवर्धनसँगै साहित्य सेवा गऱ्यो
त्यो जोडी नइको जुटेछ कसरी बन्दै स्वयं विप्लवी
छन् साक्षी जसको स्वयं समयका आजाद छायाछवि ।

३.	छन् घेरा सबसामुमा समयका खै मुक्त को भो भनूँ
स्रष्टाको गुणपारखी हुनु स्वयं श्रद्धार्चना हो भनूँ
साधी अक्षरसत्य देश महिमा गाई नथाक्ने दुवै
स्रष्टाको महिमा प्रवर्धन गरूँ यै सूत्र सोच्ने दुवै ।

४. जस्को जीवन चेतना हुन पुग्यो साहित्यको सिर्जना
जस्को जीवनसाधना हुन पुग्यो साहित्य संवर्धना
छन् आफैँ गुण कर्म उज्ज्वल दुवै साहित्य सेवा गरी
स्रष्टाअर्चनमा समर्पित हुँदै यै राष्ट्रसेवा गरी ।

५. क्यै साँची सपना जुट्यो युगल यो यै देशका निम्तिमा
मान्छे चिन्नु कि व्यक्ति जीवन पढी, सत् कर्ममा देनमा
सेवामा म त चिन्छु जो नइ खट्यो साहित्यका बागमा
यी साक्षी गत चार जो दशक छन् गुन्जून् स्वयं छन्दमा ।

(घ)

१. स्रष्टाको मनितो र मान थपियो सेवा नइ ज्वारमा
बढ्दो रौनक सानगान महिमा सम्मान संसारमा
आफैँ चालिस वर्षको समय यो लेखा र जोखा गरोस्
होस् पुस्तान्तरसम्म मोह ममता नासो दिगो यो बनोस् ।

२. जोडी यो नइको समर्पित बनी नेपाल गायो रम्यो
नेपाली दिलले र स्नेहरसले नेपाल आमा चिन्यो
सेवा फाँट अनेक पुण्यमय यो साहित्यसेवा पनि
नेपाली हुनु पुण्य हो हुनु स्वयं साहित्यसेवी पनि ।

३. नेपाली दिलका उदार जनको क्यै आड पायो पनि
क्यै ऊर्जा थपियो कि क्यै समयले फेऱ्यौ कि कोल्टे पनि
प्रेमी क्यै यसका बने कति बिते संस्था बन्यो यो नइ
सेवामानक जैँ स्वयं हुन पुग्यो स्रष्टा जुटी यो नइ ।

४. नेपाली सपना सचेत विपना संस्था स्वयं भो नइ
सेवातत्पर जोडिँदै समयले संस्था बृहत् भो नइ
केही सोच अझै छ थप्नु जसले होओस् दिगो यो स्वयम्
सेवाधर्म महान् छ उच्च त्यसको आदर्श होस् यो स्वयम् ।

५.	नेपाली जुन यो जगत् छ त्यसको माया मलाई पनि
नेपालीपन जे छ त्यो प्रिय यहाँ साहित्य त्यै हृद्ध्वनि
स्रष्टा पूजन वन्दना व्रत लिई नेपाल नामै जप्यो
यात्रा यो नइको कि भक्तिरसले राष्ट्रै स्वयं यो जप्यो ।

(ङ)

१.	बिर्से झैँ छ दिनै दिने मन कहाँ जो भेटियो त्यो लिऊँ
छन् हिंसा तकरारका सब कथा संसार आफैँ जिऊँ
स्वार्थै निम्ति कि जीव सृष्टि रचना यो मानवी चेतना
खै को बुद्ध छ बुझ्छ आज कसले संसारको वेदना ।

२.	के हो मानवता विराट् छवि स्वयं के विश्वको प्रेम हो
क्यै बुझ्लान् तपसी स्वयं तरुकथा आदर्शको सोच जो
सुन्ने मानववेदना समय खै भारी छ आफ्नै व्यथा
को बुझ्ने दिलले वनस्पतिकथा सम्पूर्ण सृष्टि व्यथा ।

३.	श्रापै विश्वनिमित्त भो कि अब ता यो चेतनाको दियो
पुग्दा कृत्रिम बुद्धिसम्म कि त यो विश्वै स्वयं हल्लियो
पैलो लक्ष्य छ स्वार्थसिद्धि सपना मान्छे त्यही चिन्छु म
यै मान्छे सचिने र जागृत हुने साहित्य आवाज म ।

४.	मान्छेले कति हो लिने मन दिने या पत्थरै पो बन्यो
मान्छेले कतिसम्म यान्त्रिक हुने मान्छे कि यन्त्रै बन्यो
यै मान्छे बिउँझाउने समय यो साहित्य त्यो साधन
यो कस्तो युग हो जहाँ कमकमै साहित्य आस्वादन ।

५.	माग्दै यो युगले छ यो समयले क्यै त्याग गर्नेहरू
खोज्दै देश छ क्यै उदार दिलका साहित्यसेवीहरू
केही स्रोत जुटाउँदै दिनु यही मैले चिनेको नइ
स्रष्टा अर्चन यो निरन्तर रहोस् यै दानगाथा नइ ।

६. धर्ती पीडित व्योम पीडित स्वयं विश्वै छ यो त्रासमा
यो पर्यावरणै विनष्ट छ हुँदै विश्वै छ सङ्कष्टमा
स्वार्थैको पिँजडा बनीकन खडा यै मानवी जो क्षुधा
मान्छेको मन ओखती हुन सकोस् साहित्य मानौँ सुधा ।

७. देशैमा र समाज विश्व सबमा त्रस्तै छ यो मानिस
नेपाली दिल लालसा छ सुखको मान्छे हुने साहस
आफैँ रच्नु छ स्वर्ण सोच पिँजडा आफैँ छ बन्दी हुनु
आफैँ तोड्नु छ स्वार्थ मोह पिँजडा साहित्य प्रेमी हुनु ।

८. आशीर्वाद जिए बिसा सय दुवै साहित्य सेवी नइ
स्रष्टा वन्दनको व्रतै सफल होस् यो प्रौढ जोडी नइ
साहित्यै अब मूल मन्त्र युगको गाथा स्वयं यो कहोस्
नेपाली दिल देश मर्म महिमा साहित्यको प्रेम होस् ।



# कला संस्कृतिको रक्षा

**विनोद खनाल**

नरेन्द्रराज इन्दिरा, प्रसाई थर दम्पती
नइ बनी गरे सेवा, भए राष्ट्रिय सम्पति
नरेन्द्र उत्साही जोस निकालेर सबैसँग
इन्दिरा साथमा हुन्छन् योजना ती अनेकन ।

विधा विविध पुस्तक समाजमा पुऱ्याउँछन्
साहित्य रस स्वादिला दुनियाँमा चखाउँछन्
खोजी गरी पुराना ती कृतिको भो प्रकाशन
पुराना नव पुस्ताका स्रष्टामा भर्छ प्रेरणा ।

भाषा साहित्यको सेवा यसको मुख्य कर्म हो
कला संस्कृतिको रक्षा गर्नु नै मुख्य धर्म हो
गरेर सेवा साहित्य नेपाली ढिकुटी भरी
बन्दै छ नइ यो हाम्रो साहित्य दिव्य माधुरी ।

क्षेत्रहरू सबै खोजी निष्पक्ष भावको कसी
लगाई निर्णय गर्छन् विद्वत्जन सबै बसी
प्रमाणपत्र सम्मान पदकले विभूषित
सम्मानित भए स्रष्टा हजारौँ उच्च साधक ।

नेपाली भूमिमा मात्र रहेको छैन सीमित
नेपाली भाषा साहित्य पुगेको छ जहाँतक
नइको स्थापना भई शिक्षा साहित्य संस्कृति
संरक्षण गरी बढ्ने अठोटै छ सधैँभरि ।

पच्चीस वर्ष पूरा भो नइ हाम्रो प्रकाशन
देखाई शुभ यो कार्य प्रगति पथ लम्कन
नइ बनोस सूर्य झैँ भाषा साहित्य क्षेत्रमा
भन्ने सद्भाव राखी यो गर्दछु शब्द अर्पण ।



# शिरको शोभा

**विष्णुमाया विभु**

नेपाली साहित्यको धरोहर
नेपाली वाङ्मय र सभ्यताको प्रतीक
नेपाली संस्कृतिको प्रतिबिम्ब
हाम्रो आदर्श
नइ नै हाम्रो नइ !

नइ हाम्रो अभियन्ता
सरकारले नगरेको काम गर्ने
सिर्जनाको सागर
सङ्गठनको सगर
आस्थाको चौतारी नइ
बहुआयामिक नइ !

नइ साहित्य शिखरले देख्छ
भूगोल समेट्न पुग्छ
उजाडिएकालाई
न्यानो स्पर्श दिने
प्रतिभालाई जुरुक्कै बोक्ने
नेपालदेखि नर्वेसम्म
फैलिएको नइ ।

प्रिय नइ !
थाकेर पनि कहिल्यै नथाक्ने
प्रगतिशील पाइलाहरू
कतै हिँड्दै, कतै दगुर्दै
मानवता, नैतिकता, इमानदारिता
नइको लाग्ने हतियार !

राष्ट्रियता र स्वाभिमानको
बीउ छर्दै, गोड्दै, हुर्काउँदै
कलमका डोजर दौडाएर
ठिङ्ग उभिएका
काला नकारात्मक
पर्खाल भत्काउँदै
अन्योलको अँध्यारो बढार्दै
प्रभातको प्रकाश छर्ने
हाम्रो शिरको शोभा नइ !



# अनुमोदित जनप्रतिष्ठान

**डा.शालिकराम पौडयाल**

देशका हरेक कुनाकुनामा बसेर
साहित्य गोष्ठीमा सहभागी हुँदै
मनका गह्रुँगा भारी बिसाउने
समाज परिवर्तनमा कलम चलाउने
राज्यबाट उपेक्षित, समाजबाट उपेक्षित
आम लेखकको अभिभावक हो– नइ ।

नलेखिएको इतिहास लेख्ने
नभेटिएका स्रष्टा खोज्ने
राष्ट्र र समाज रूपान्तरणमा योगदान दिने
स्रष्टाको जीवनी लेख्ने
स्रष्टालाई सार्वजनिक गरिदिने
लुकेका प्रतिभालाई खोजीखोजी
पुरस्कृत र सम्मानित गर्ने संस्था हो– नइ ।

भाषा र साहित्यको सेवामा
नि:स्वार्थ भावना बोकेर
अगाडि बढेको संस्था हो– नइ
नयाँ लेखकलाई प्रोत्साहन

स्थापित स्रष्टाको सम्मानमा
समर्पित साहित्यको अभिभावक हो– नइ ।

राज्यबाट नचिनिएको र जनताले चिनेको
लुकेका प्रतिभाको अभिभावक हो– नइ
लुकेको इतिहासका तथ्यको खोजी गर्ने
आफैँमा नलेखिएको इतिहास हो– नइ
साहित्यसेवाका पच्चिस वसन्त पार गरेको
जनताको भावना र मनमा बाँचेको संस्था हो– नइ
बिनास्वार्थ साहित्य सेवामा लागेको
जनताबाट अनुमोदित प्रतिष्ठान हो– नइ ।



# खुल्दै छ साहित्यका रवि

**शिला पन्त**

भाषासाहित्यका निम्ति गर्दै काम निरन्तर
नइको भावना जम्मै फैलिँदै छ दिगन्तर !

यी को हुन् भन्न पर्दैन सबैमा छन् प्रतिष्ठित
रातमा जूनको ज्योति सधैँ झलमल झलमल !

हृदयाकाशमा हुन्छ सबैको मनको बह
जूनको रातमा बल्ने क्या मिठो मधुर स्वर !

पक्षपात केही हुन्न गुञ्जन्छ एउटै स्वर
अहो ! स्रष्टा अहो ! द्रष्टा सबैमा छ बराबर ।

सपना बिपना बन्दै फैलिँदो धरतीभरी
श्रद्धाभाव सुविस्तामै बन्दै साहित्यका रथी ।

वसन्ती कोपिला जम्मै बालुवामा फुलाउने
अहंकार छँदै छैन जोडी हुन् यी सुहाउने !

आलोचकहरू जम्मै हुदै छन् नतमस्तक
हुन् सुशील सबै भन्छन् हाँसून धर्ती रहेतक ।

नइको भावना चोखो झनै चोखो छ सिर्जना
चराहरू रमाएर गाउँछन् गीत चिर्बिर ।



# सबैको चौतारी

**शेषमणि आचार्य**

नाउँ त सुनेथेँ मैले
धेरै वर्षदेखि,
के हो भन्थेँ
अर्थ खोज्न बस्थेँ
लुकेका छन् कृतिहरू
त्यस्तै नामी स्रष्टा
सबैको यो चौतारी हो
सुनेँ पछि मैले !

सुन्दा मीठो हुन्छ पनि
गरे रुन् स्वादको
नइले त पुऱ्याएछ पच्चिस वसन्त !

आशा लाग्छ विवेकी भै
आऊन् नइहरू
उठाउलान् नयाँ सोच
दिलदारहरू,
कतिकति लुकेका छन् विचारवाहकहरू
कतिकति दबेका छन् राष्ट्रस्वरहरू !

यो संसार उद्यान हो
विचारको सधैँ
सयौँ विचार होऊन् जाग्रत
कामना यही लिऊँ
नइ फेरि सबैलाई
अँगालोमा लेओस्
उदार बनी सयौँ फूल
फुलाउन लागोस्
एउटा पच्चिस मात्र हैन
सयौँ सयौँ बनोस् !

नइ साथी बनिरहोस्
ज्ञान मान रहोस्
पच्चिसको वसन्तमा
थप सोच जागोस्
बनोस् नइ जीवनमा
नव चेत धरोस् !



# नेपालकै गौरवी

**सम्झना काफ्ले**

उज्यालो छवि हौ सबैको रवि हौ
तिमी सिर्जनाका उज्याला नइ हौ ।

लुकेको प्रतिभा तिमी खोजी हिन्छौ
सरक्कै अगाडि तिमी पारिदिन्छौ ।

कतै संस्कृतिको जगेर्ना गरेका
कतै राष्ट्र नै बोकेर लागिपरेका ।

नइकै प्रेरणाले कति नाम पाए
नइको सहारा लिई काम पाए ।

नइ नेपालकै गौरवी संस्था हो
नइ यज्ञमा होम गर्ने नै गुरु हो ।

(पुनश्च : नइ प्रकाशन जनस्तरमा स्थापित महायज्ञ हो । समस्त ऊर्जा खर्चिएर राष्ट्रको गौरव बढाउने महायज्ञमा समर्पित नइ प्रकाशनका सुकर्महरू सामाजिक सञ्जालमा पढ्न पाएर अनि त्यसबारेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यक्तित्वहरूले प्रकट गरेका धारणाहरू सुनेर नइप्रतिको मेरो मान हिमालजति नै अग्लिँदो छ । नेपाली भाषा र साहित्यको समुन्नयनका लागि सञ्चालित कुनै पनि सुकर्महरूमा रमाउने हामी जस्तै बाध्यतामा परदेसिएका लाखौँ नेपालीहरूले आफ्नो आशा अडचाउन नइ प्रकाशन हिमाल बन्न सकेको छ ।)



# साहित्यको अनुष्ठान

**सरिता पराजुली**

खोजी गर्छौं सारालाई
साहित्यका तारालाई
त्यसैले त तिमीलाई
गर्छन् सबै हाईहाई ।

देशभित्र मात्र हैन
विदेशमा पनि पुग्छौ
साहित्यका साधकको
खोजीनीति गर्छौं ।

कुनाकाप्चा छरिएका
भावनाले भरिएका
सिर्जनामा रमाउने
साधकलाई चिनाउने ।

राम्राराम्रा कुरा गर्छौं
साहित्यकै सेवा गर्छौं
नइ तिम्रो प्रतिष्ठान
साहित्यको अनुष्ठान ।

मेहनती म त देख्छु
पौरखी हौ पनि भन्छु
सिक्ने कुरा छन् है धेर
गयो बेला भो अबेर ।

चराका ती पखेटाझैँ
दायाँबायाँ मिली बस्छौ
साहित्यको उडानलाई
दुवै मिलीकन भर्छौं ।



# व्यक्तिसत्ताबाट माथि

**सिन्धु गौतम**

व्यक्ति होइन, हुँदै होइन
सर्वोच्च संस्था हो नइ
लुकेका प्रतिभाहरूको
असाधारण ज्योति हो नइ
लुकेकाहरूलाई उजागर गर्छ यसले
स्थापितहरूलाई प्रतिष्ठित बनाउँछ
प्रतिष्ठितहरूलाई सम्मानित गर्छ ।

त्यति मात्र कहाँ हो र नइ
सर्वोच्च अभिनन्दन गर्छ
स्रष्टा महासम्मानमा चुकेको छैन नइ
साधकहरूलाई जुरुक्क उचाल्छ काँधमा
जनजनका मनमनमा नइ ।

राष्ट्रकविको परिकल्पनामा नइ
शताब्दी पुरुषको परिकल्पनामा नइ
विश्व नेपाली नारीरत्नको
अद्भुत परिकल्पनामा नइ
महासमालोचकको परिकल्पनामा नइ
सर्वोच्च सम्मानको आवाज तताउने नइ ।

कहाँ छैन र नइ ?
राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मानहरूको
परिकल्पना र स्थापनामा नइ
निष्पक्ष, सत्य तथ्य जीवनीलेखनको
जीवन्त इतिहास हो नइ ।

लेखनका पुजारीलाई
शब्दका उपासकलाई
अक्षरका आराधना गर्नेलाई
सच्चा पहरेदार अनि
बलियो खम्बा हो नइ
लेखनको खानी हो, उत्प्रेरक हो नइ ।
के सम्भव छ र !
एउटा जोडीले यति गर्न ?
त्यसैले,
व्यक्ति होइन, संस्था हो नइ
व्यक्तिसत्ताबाट धेरै माथि छ नइ !



# शुद्ध पाठशाला

## सिर्जना शर्मा

मैनजस्तै लाग्छ– नइ
जसरी दुई भिन्नै वस्तु मिलेर
छरिरहेछ आभा
त्यस्तै दुई तन भएर एक
एउटै मन लिएर
हिँडिरहेछन्, हिँडिरहेछन्
वाङ्मयको श्रीवृद्धिका खातिर
आफ्नै बाटो अविराम अविराम...।

कराइरहेछन् एक हूल स्यालहरू,
भुकिरहेछन् कुकुरहरू
गल्लीगल्लीमा लामबद्ध
नगरेर पर्बाह कसैको
आफ्नै कर्ममा जुटिरहेछ एक जोडी ।

उज्यालो प्रकाश छर्न
पग्लिरहेछन्
दूरदराजका प्रतिभा पहिल्याउन
अग्लोअग्लो शिखर भएर उभिरहेछन्
र दिइरहेछन् दूरदृष्टि– नइ ।

सरस्वतीका परम भक्तहरूका लागि
मन्दिर हो र शुद्ध पाठशाला पनि हो
जहाँ जन्मिरहेछन्
यो देशका सच्चा लेखक र देशभक्तहरू ।

कञ्चन जल भई अविरल बहिरहेको
तिम्रो सत्कर्ममा
कदाचित् विश्राम हुने छैन
यो त तिमीले आफ्नै खुबीले निर्माण गरेको
चौतारी हो, साझा चौतारी
जहाँ विश्राम लिन आएका छन् मूर्धन्य व्यक्तिहरू
र आउनेछन् भोलि पनि ।

जस्तै आँधी, हुरी आए पनि यात्रामा
तिमीले कर्ममा पूर्ण विराम नलगाउनु
अरूको अनुहार हेर्ने ऐना बनिरहनु,
बरु आफू अँध्यारोमा
छायामा बस्न किन नपरोस्
अरूलाई उज्यालो दिइरहनु
नइ तिमीले
यसरी नै उज्यालो आभा दिइरहनु ।



# मोती नै फुलायौ

**सीता विष्ट कार्की (सीविका)**

झुल्केको नइ बाउन्न साल माघको पन्ध्रमा
बनेर माली साहित्य खानी लेखेको कर्ममा
अक्षर झुल्दा रम्दछ मन फैलिन्छ उमङ्ग
नइको जोस जाँगर देखी ईश्वर नि दङ्ग ।

गुराँस फुल्दा कोयली नाच्दा मुहार टल्किन्छ
त्यो जून जस्तो लेखेर नइ हिममा चम्किन्छ
ती भिरपाखा लेक र बेसी नइको नजर
नइको माया छ है समान गाउँ र सहर ।

यो माटोभरि ममता पोखी मोती नै फुलायौ
धर्तीको सानो यो स्वर्गबाट ज्योति नै जगायौ
पवित्र मन लिएर नइ कोर्दछ सृजना
हजारौँ फुले भमरा डुले सुन्दर गहना ।

सुरम्य बिज रोपेर नइ सर्जक जीवनी
गीत, कविता अनेक विधा क्या राम्रो कहानी
हे नइ तिम्रो सदैव हामी गर्दछौँ सम्मान
नइ बारीमा सृजना रोप्दा रम्दछ यो मन ।

नेपाली भाषा साहित्य कला नइको पौरख
समाज सेवा नि गर्ने नइ राष्ट्रको गौरव
शुभकामना दिएर सर्व पच्चीस वर्षमा
कोरिए चित्र रङको शब्दले पोतेर हर्षमा ।



# उच्च उडान भर्ने

**सुनीता कार्की**

२०५२ माघ १५
त्यो शुभघडी
स्थापना दिवस
नइ प्रकाशनको

बनेको छ आज
पवित्र संस्था
नेपाली वाङ्मयको
श्रीवृद्धिको

नइ नरेन्द्र इन्दिरा
सङ्गम प्रथम अक्षरको
अविच्छिन्न साधनारत यी
इतिहास रचाउन
नेपाली भाषा
साहित्य जगत्को

गऱ्यौ स्थापित
त्रिमूर्ति निकेतन

सम्मानार्थ
कविशिरोमणि,
नाटचसम्राट् अनि महाकविको

अविराम समर्पित
युगल जोडी
नेपाली वाङ्मय
उन्नयनको

बहुआयामिक
प्रतिभाका धनी
साहित्यको हर विधामा
पारङ्गत पनि

एक उदाहरणीय
साहित्य संयुक्तिको
पुरोधा बनी
साहित्य जगत्लाई
सगरमाथाको उचाइ दिने तिमी
भानुभक्तहरूको इतिहास
पुन: ब्यूँताउने
अद्भुत क्षमताका धनी तिमी

जुर्नुपर्छ जुट्न
जोडी यस्तो
गाँस आफ्नो काटी
दौडाहा जस्तो
खोजी नव प्रतिभाको

को गर्न सक्ला यस्तो
राष्ट्रले गर्न नसक्ने
कर्म गर्‍यौ कस्तो

प्रवर्द्धन कला साहित्य
संस्कृति हेतु
गर्‍यौ स्थापित
भूपालमानसिंह प्रज्ञाप्ररिषद्
बनेर सेतु

गर्‍यौ
वरिष्ठ विशिष्ट
साहित्यकारलाई
स्थायी उपनामले
अलङ्कृत
जीवितै शताब्दी पुरुषलाई
हुलाक टिकट र मुद्राद्वारा
सम्मानित

साहित्यको विविध क्षेत्रमा
योगदान दिनेलाई
पुरस्कृत
मूल्याङ्कन गर्नु छ आज
कर्मवीर जोडीको प्रयत्न
अनगिन्ती

राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा
वाङ्मयको हर फाँटको

प्रवर्द्धनमा समर्पित
प्रेरणादायी, प्राज्ञिक
समभाव, पूर्वाग्रहरहित
साहित्यिक राजनीतिको
दलदलबाट सुरक्षित
जीवित, मृत स्रष्टाका
सञ्जिवनी उचित
रहनेछ अन्तमा यही
'नइ' नाम इतिहासमा
सुर्वण अक्षरले सञ्चित
राष्ट्र हुनेछ
यी अनमोल रत्नबाट
गौरवान्वित

भव्यता यिनको
कार्यशैलीको पहिचान
सभ्यता यिनको
बोली व्यवहारको सान
दिव्यता यिनको
आमाबुबाप्रतिको सम्मान
गुरुदेव गुरुदेवी यिनको
पारस्परिक सम्मानको पहिचान
व्यस्तता यिनको
जीवनशैलीको ज्यान

नइ पखेटा खोली
उड्ने अभिलाषीको
दिशा निर्देश तिमी

उच्च उडान भर्ने
आकाङ्क्षीको
खुला आकाश तिमी
उदाउँदो किरणरूपी
नवप्रतिभाको
पारसमणि तिमी

(तसर्थ नइ प्रकाशनको पच्चिस वर्षको शुभअवरमा यही कामना व्यक्त गर्न चाहन्छु)

अहिलेभन्दा
दोब्बर गतिले
अपरम्पार कृतिहरूको
भेल बगोस्

पच्चिसबर्से अवधि
बल, वीर्य र तेजले
सत् वर्षसरह बनोस्

भाषा, साहित्य, संस्कृति
वाङ्मयको प्रवर्द्धनमा
राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा
नयाँ इतिहास रचोस्– नइ ।



# चमत्कार हो

## डा.सुमनकुमार रेग्मी

नइलाई इनामका पर्वाह छैन
त्यसैले यो लहरा भएर
उचाइमा पुगेको छ
नइलाई कसैको निन्दाको डर छैन
नइलाई प्रशंसाको भोक छैन
त्यसैले यो पहरा भएर
स्थिर रहेको छ
आफ्नै संस्कृतिभित्रै
नइ हाँसेको छ
नइ त्यसैमा बाँचेको छ ।

नइ प्रकाशनको सेवामा
काम, इमान र धर्म नै विचित्र
न लोभ, न पाप
न केही नजिक, न टाढा
राजनीतिबाटै अलप
त्यसैले नइभित्र
भागबण्डाको शब्दकोशै छैन
कोही काखा र पाखाबाट मुक्त छ नइ

सबै एकैनास, सबै एउटै जात
त्यसैले नइ मूल बाटोमा छ ।

नइको सुगन्धका आधार
अनि
नइ पहिल्याउन
नइकै सिद्धान्त घोक्नुपर्छ
साहित्यको पाठ
यही पाठशालामा पढ्नुपर्छ
यताउति तन, मन र धन बटुली
चारैतिर दृष्टि छरी
यस पच्चिस वर्षभित्रै
भानु भएको छ नइ
मोती भएको छ नइ ।

नइको परिकल्पना कस्तो
राष्ट्रकवि नइकै लहरामा उक्ले
शताब्दी पुरुषले नइकै पहरामा टेके
अन्तमा
वानीरा भन्छिन्–
'नइ त्यो चमत्कार हो
नइले छुँदा हीरा पारस बन्छ ।'



# फल लाग्छ मीठो

**सुमन शर्मा**

नइका कविता अति दिव्य हुने
मनमा तनमा सजिलै छ छुने
नइका रसिला कसिला कृति छन्
जनका मनमा अझ आदर झन् ।

शुभ इच्छुकले पढ काव्यहरू
कति मिल्छ यहाँ बुझ भावहरू
पढ शिक्षितले नइका कविता
तब लाग्छ बडो मनमा रमिता ।

कति भोक मीठो अब भोजनमा
अझ छन् नव काव्य विमोचनमा
रसपान गरौँ नव पुस्तकको
फल लाग्छ मीठो रसिला रूखको ।

शुभ साइतको शुभ कार्य भयो
नइको महिमा अझ उच्च भयो
कति सुन्दर छन् नइका कविता
मिति पच्चिसको शुभ भन्छु म त ।

अब उत्तमका जन भाव दिने
नइ आदरको महिमा कसिने
पढ मानव हो अति सुन्दर छन्
जति पढ्न सक्यो उति सुन्दर रुन् ।



# सधैं बिगुल फुक्दछौ

**स्पन्दन विनोद**

अनन्त शारदे बगून्, उमङ्गले बढून् पथ
लिएर साथमा सखी, हजार वर्ष होस् रथ
विशाल राष्ट्र पुत्र हौ, पवित्र सोच जाँगर
दिएर हौसला नित्य, चिन्यौ सप्रेम सर्जक ।

उनेर एक धारमा, बसाल्दछौ परम्परा
हराभरा स्वदेशमा, समाज खण्ड पाउँदा
तिमी हौ प्रेरणा मिठो, अभिन्न यज्ञ दिव्य छ
दिएर हौसला नित्य, चिन्यौ सप्रेम सर्जक ।

अनेक गन्ध देशमा, थियो समाज लूटको
रचेर दिव्य रोसनी, विनासबाट रोक्नुभो
हजार शास्त्र मान्यता, सकेन लुट्न भक्षक
दिएर हौसला नित्य, चिन्यौ सप्रेम सर्जक ।

छ देशमा नरेश ता, हुँदैन एकता क्षति
विनाश देशको भयो, भनेर दृष्टि भो अति
अभाव हुन्न राष्ट्रमा, अनेक यत्न गर्दछ
दिएर हौसला नित्य, चिन्यौ सप्रेम सर्जक ।

विलम्ब गर्न ता हुन्न, सधैँ बिगुल फुक्दछौ
लिएर ज्योति यो नित्य, विकास मार्ग हिँड्दछौ
खुसी छु मूल्यवान् हो, भएछ योग्य सर्जन
दिएर हौसला नित्य, चिन्यौ सप्रेम सर्जक ।

विवादबाट छौ दूर, सचेत एक नायक
प्रभातको प्रभा जस्तै, तिमी यसर्थ मानक
कुनाकुना छ स्वच्छन्द, पुगेन भन्छ लेखक
दिएर हौसला नित्य, चिन्यौ सप्रेम सर्जक ।

असङ्ख्य छन् दिने लिने, प्रभाव भिन्न देखियो
मिलाप भ्रष्टको भिड, यसर्थ आज मेटियो
सशक्त काव्य हौ आफैँ, भण्डार मान्छु भाषिक
दिएर हौसला नित्य, चिन्यौ सप्रेम सर्जक ।

अचेल हुन्न हौसला, अगाडि बढ्न खातिर
भरेर चित्तमा दम्भ, भेटिन्छ मित्र के भर
भएर प्रौढका, साथ म बन्छु भाव विह्वल
दिएर हौसला नित्य, चिन्यौ सप्रेम सर्जक ।

म नाम सम्झँदै छु त्यो, प्रदीप्त थोरमा नइ
नयाँ पिँढी बुझौँ सारा, जगाउँदै अरू पनि
अचम्म कर्मयोगी भै, भविष्यसम्म हार्दिक
दिएर हौसला नित्य, चिन्यौ सप्रेम सर्जक ।

गरौँ नरेन्द्र अर्चना र इन्दिरा नि वन्दना
सुवास फैलियोस् नित्य, नदी छ काव्यको जहाँ
परोपकार भावना, सदैव फैलियोस् अत:
दिएर हौसला नित्य, चिन्यौ सप्रेम सर्जक ।



# पूर्णिमाको पूर्ण

**हेमा मानन्धर**

नइ–
त्यो परिलो घाम
हामी शिशिरमा बसेर
अक्षरमा जीवन देख्नेहरूका लागि
आशाको त्यो किरण
जसलाई कुर्न सकिन्छ
उपलब्धिको चौतारीमा बसेर
स्याबासीका लागि !

मैले औँसीको अँधेरी रातमा
पूर्णिमाको पूर्ण चन्द्रझैँ
देखेकी छु तिमीलाई नइ
नइ गजब गर्छौ तिमी
सेतो रङ्गहीन जीवनलाई
रङ्गीबिरङ्गी बनाउन सक्छौ
मैले त जीवन बनाउने
कालिगड देखेछु तिमीलाई !

नइ–
अरूले केके देखे होलान्

तिमीलाई
किन र कहाँ देखे होलान् तिमीलाई
कसरी हेरे होलान् तिमीलाई ?

तिमी मेरो जीवनकै आदर्श नइ
मैले समय, पानी, हावा,
अनि जीवनजस्तो
सत्य देखेँ तिमीलाई
शिवमा जस्तो बेपरवाह
शक्ति देखेँ तिमीभित्रै
पूर्ण कदको जीवन देखेँ तिमी
अनि अरूको
स्वामित्वका लागि लड्ने
देवीदेउताऊँ देखेँ तिमी
मैले तिमीभित्रै सबै देखेँ
तिमी मेरो नइ !

१७२

ISBN 978-9937-786-06-5

nai.com.np@gmail.com
nai.com.np



## भगवती बस्नेत

बुबा : रामबहादुर बस्नेत
आमा : रुक्मकुमारी बस्नेत
जन्म : २०२९ साल माघ १७ गते (चितवन)
शिक्षा : एमए (त्रिभुवन विश्वविद्यालय)

### संलग्नता

- कार्यक्रम संयोजक– नइ प्रकाशन, त्रिमूर्ति निकेतन र वानीरा फाउन्डेसन
- कार्यक्रम प्रस्तोता– एभिन्युज टेलिभिजन
- सचिव– गैरआवासीय नेपाली सङ्घ (भाषासाहित्य विभाग)
- ग्लोबल उपाध्यक्ष– अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज

### कृति

- रहर भो जिन्दगी (गजलसङ्ग्रह : २०६८)
- प्रेमदह (मुक्तकसङ्ग्रह : २०७१)
- मर्दको माया (कथासङ्ग्रह : २०७२)
- मृत सागरमा म (कवितासङ्ग्रह : २०७३)
- विश्वम्भरा (कवितासङ्ग्रह : २०७९)
- नइ प्रकाशन : कीर्ति र आकृति (निबन्धसङ्ग्रह, सम्पादन : २०८०)
- नइ कीर्ति लय (कवितासङ्ग्रह, सम्पादन : २०८०)

### पुरस्कार

- पत्थर गजल साधना पुरस्कार (२०६८)
- विश्वनारी नेपाली साहित्य स्वर्णपदक (२०७१)
- भानुभक्त काव्य पुरस्कार (नेपाल सरकार : २०७२)
- भानुभक्त स्वर्णपदक (नेपाल सरकार : २०७२)
- अनेसास भानुवर्ष उत्कृष्ट लेखक (२०७२)
- नइ गणेशदुर्गा अन्तर्राष्ट्रिय पुरस्कार (२०७४)
- भद्र घले पुरस्कार (२०७७)
- सत्यमोहन जोशी शताब्दी पदक (२०७७)
- नइ रजत महोत्सव पदक (२०७८)
- नइ कीर्ति रत्न (२०८०)

### भ्रमण

भारत, पाकिस्तान, इजरायल, साइप्रस, कतार, थाइल्यान्ड ।